मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक २२१ | २०८१ साल असार १६ गते आइतबार | Sunday 30, June 2024 | सूर्योदय: बिहान ५:१५ बजे | सूर्यास्त: साँझ ७:०४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## जनमतका कार्यकर्ताहरुको ध्यान 'आम्दानीस्थल'मा

**मधेशदृष्टि**
**वीरगंज ।**
यातायात कार्यालय वीरगंजमा जनपार्टीका कार्यकर्ताको दिनहुँ भिड बढेपछि यसले फरक सन्देश प्रवाह भएको छ । सुशासन र स्वराजको नारा दिएर राजनीतिकरुपमा मधेश सरकारमा परीक्षणकालममा रहेको जनमत पार्टी पनि धनी मुख्यमन्त्री सतिश कुमार सिंहको नाम बेचेर असार मसान्तमा कमाउधन्दामा लागेको आभाष भएको छ ।

यातायात कार्यालयका इञ्जिनियर शाखा र कार्यालय प्रमुखको कार्यकक्षमा जनमतका कार्यकर्ताको भिडभाड लाग्न थालेपटि जनमत पनि रकमभन्दा पर नरहेको अनुमान कर्मचारीहरुले गरेको कार्यालय स्रोतको दाबी छ ।

यति मात्र होइन, जनमतका कार्यकर्ताले कर्मचारीमाथि सरुवासम्मको धम्की दिन थालेपछि माथि सिके राउत र तल मुख्यमन्त्री सतिश सिंहको फोटोले मधेशमा सुधारको कुरा गरे पनि समग्रमा आर्थिक मोलाहिजाको कुरा नै प्रमुख रहेको खुल्न आएको छ ।

मधेशदृष्टिसँग सम्पर्कमा आएका यातायातका एक कर्मचारीले जनमत पार्टीका कार्यकर्ताले मधेश प्रदेशमा जनमत पार्टीकै मुख्यमन्त्री भएको भन्दै शक्तिका आडमा कर्मचारीमाथि अनुचित दबाब दिने गरेको गुनासो गरे। यातायात कार्यालय पर्सामा मात्रै नभई भर्खरै सञ्चालनमा आएको बाराको यातायात कार्यालयमा समेत जनमत पार्टीका कार्यकर्ताले अनुचित दबाब दिने गरेको कर्मचारीस्रोतको भनाइ छ । जनमतका कार्यकर्ताले यातायात कार्यालयका विभिन्न शाखा प्रमुखमाथि सरुवाको धम्कीसमेत दिएर पुरानै दलको 'दलाली हर्कत' दोहो¥याएको बताएपछि जनमत पनि रकम भन्दा फरक नरहेको भन्दै आलोचना शुरु भएको छ ।

स्रोतका अनुसार तीन दिनअघि वीरगंजको गण्डकस्थित एक रिसोर्टमा जिल्लाको नेतृत्व तहकै नेता र यातायातका केही बिचौलियाबीच मोलमोलाइ गर्न गोप्य भेटघाट भएको थियो । गोप्य भेटघाटमा यातायातमा हाल भएका कर्मचारीको सरुवा गरी नयाँ अनुहार ल्याउन पहल थाल्ने कुरा भएको बुझिएको बताइएको छ । सुशासनको नारा दिने जनमत पार्टीका अध्यक्ष सिके राउतका अनुयायी वीरगंजका मालदार र कमिसन आउने कार्यालयका प्रमुखसँग कमिसन लिन 'राडार' राखेर वरिपरि उभिएको आभाष भएको छ । मधेश प्रदेशमा जनमत पार्टीले मुख्यमन्त्री पाएदेखि नै कार्यकर्ताले प्रदेशका आठ वटै जिल्लाका विभिन्न सरकारी अड्डामा आफ्नो 'धाक'को कम्पनी चलाउन थालेको र राउत र सिंहका नाममा 'ठीक नहुने' भन्दै तर्साउन थालेको रिपोर्ट मधेशदृष्टिसँग सुरक्षित छ ।

यसअघि पनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री रहेकी जनमत पार्टीकी अनिता साहको आडमा जिल्लाका विभिन्न स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसँग आफ्ना कार्यकर्ताको योजना समावेश गरिदिन दबाब दिएको खबर आएको थियो । पर्सामा आफूअनुकुलका हाकिम ल्याउन जनमतका कार्यकर्ता हप्तौँ काठमाडौँमा डेरा जमाएर बसेको विषय बाहिर आएकै थिए ।

## पिलर चर्केको पुलबाट जोखिमपूर्ण यात्रा

**अफरोज अर्पण**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–२७डकैलाब हुअरी र बहुदरमाई नगरपालिका जोड्ने तिलावे नदीको मादरानी पुलको पिलर चर्किएर भासिने अवस्थामा पुगे पनि यसका सरोकारवालाहरु हाइसञ्चोमा बसेका छन् । दैनिक सैयौँ सवारी साधन ओहोरदोहर गर्ने पुलबाट आवतजावत गर्न खतरापूर्ण रहेको स्थानीयले बताए पनि आवातजावत र पुलको जिणोद्धारमा कुनै चासो लिइएको छैन ।



करिब छ दशकपहिले निर्माण भएको पुल जीर्ण छ । बहुदरमाईबाट वीरगंजप्रवेश गर्ने पुलको तेस्रो पिलर बीचको भागबाट चर्किएर भासिने अवस्थामा पुग्दा पनि कुनै पनि स्थानीय जनप्रतिनिधिले त्यसबारे चासो नदिएको यात्रुले गुनासो गरेका छन् । दैनिक लोड ट्र्याक्टर, पिकअप गाडी ओहोर दोहोर गर्दा पुल हल्लिने गरेको स्थानीय बताउँछन् । पर्साको ग्रामिण क्षेत्रलाई वीरगंजसँग जोडने पुलबाट यात्रु बोकेका दर्जनौँ सवारी साधन जोखिमपूर्ण यात्रा गरिरहेका छन् । तर, सम्बन्धित निकायले बेलैमा ध्यान नदिँदा ठूलै दूर्घटना हुनसक्ने स्थानीय तेज बहादुर साह बताउँछन् । सम्बन्धित निकाय र जनप्रतिनिधिले पुलको मर्मत गराए यो क्षेत्रकै भविष्य सुधार हुने साहको भनाई छ । 'यो पुल धैरै दिनदेखि बिग्रेको छ । यो जसको जिम्मेवारी हो, उसले जहाँबाट भएपनि ल्याएर बनाउनु पर्छ । यसरी निदाएर हुँदैन,' साहले भने, 'यो पुल बने यो क्षेत्रको जग्गा जमिनको सिँचाई गर्न सजिलो हुन्छ । जग्गा जमिनको भविष्य बन्छ ।'



जीर्ण भएको मादरानी पुलको रेलिङ भासिएका छन् । त्यो पुलमात्र होइन, वीरगंज नगरबाट बहुदरमाई नगरपालिका जाने अधिकांश पुल मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेको छ । दैनिक सोही बाटो भएर आवतजावत गर्ने एकअटो चालक भन्छन्, 'यो पुल पार नगर्दासम्म मनमा डर हुन्छ कि कतै पुल नभाँचिहालोस् ।' उनले थपे, 'कुनै अप्रिय दुर्घटना हुनुपूर्व नै यसको मर्मतमा नेताहरुको ध्यान जाओस्, हामीले जोखिमपूर्ण यात्रा गर्ने बाध्यता हटोस् ।'

'हेभी लोड भएका सवारी साधन ओहारदोहर गर्दा पुल हल्लिरहेको हुन्छ, एक जना प्रदेश सभा सदस्य अवलोकनमा आउनु भएको थियो, पुलको चार वटा पिलर चर्किएको छ,' उनले भने, 'यसमा हेभी लोड गाडीको प्रवेशमा रोक लगाउनु पर्छ ।'

न जिकै पसल गरेर बसेका एक वयोवृद्धले भने, 'दुर्घटना भएपछि मात्र केही गर्ने बानी छ । यो विषयमा गम्भीर हुन जरुरी छ ।' गतहप्ता सोही क्षेत्रबाट निर्वाचित मधेश प्रदेश सभा सदस्य श्याम पटेलले नारायणी सिँचाइका इञ्जिनियर लिएर पुल अवलोकनमा पुगेका थिए । 'पुल मर्मतका लागि स्टिमेट बनेको छ । वर्षात्को मौसममा पुल मर्मत गर्नु बेकार हुन्छ । वर्षा सकिएलगत्तै यसको मर्मत सम्भार हुन्छ ।' पुलको अवस्थाबारे पर्साका प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराएपनि यो समस्यालाई गम्भीरतापूर्वक नलिएको नेता पटेलको गुनासो छ ।

'यसको हामीले अनुगमन गरेका छौँ, यो समस्याबारे हामी अवगत छौँ, तर हामी आफैँ पनि त्यही पुलबाट आवतजावत गर्न बाध्य छौँ ।' उनले भने, 'सिडियो साबलाई यो विषयमा अवगत गराएको छु, उहाँले गम्भीरतापूर्वक नलिएको पाएँ, भोली नै उहाँलाई भेटेर कमसे कम हेभी गाडीको आवागमन बन्द गराउँछु, वैकल्पिक बाटोको बारेमा छलफल गर्छौं ।'

## चीनको लगानीमा बनेको विमानस्थलमा भ्रष्टाचार




**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय एकता अभियानले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका विषयमा विभिन्न मुद्दामा राजधानी काठमाडौँमा सार्वजनिक बहसको आयोजना गरेको छ । बहसका क्रममा तीन प्रमुख निष्कर्षमा सहमति भएको छ। जसमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरूपमा सञ्चालनमा ल्याउन, विमानस्थल निर्माणमा भएको भ्रष्टाचारको छानबिन गर्न, बिआरआइ (बेल्ट एन्ड रोड इनिसिएटिभ) ऋणलाई अनुदानमा परिणत गर्नुपर्ने समावेश छ ।

बहसको अध्यक्षता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले गरेका थिए। कार्यक्रममा प्रमुख वक्ताका रूपमा नेकपा एमालेका नेता योगेश भट्टराईलेमन्तव्य राखे। उनले बिआरआइ ऋणलाई अनुदानमा परिणत गर्नुपर्ने आवश्यकता औँल्याए। यसबाहेक पूर्वमन्त्री ओमप्रकाश यादव गुलाजारी, संविधान सभा सदस्य एवम् अभियानका वरिष्ठ नेताबिपी यादव, वरिष्ठ पत्रकार एवम् विश्लेषक युगनाथ शर्मा पौडेललगायतले आफ्ना विचार प्रस्तुत गरे।

कार्यक्रममा स्वागत मन्तव्य अभियानका केन्द्रीय सदस्य चन्द्र यदुवंशीले दिएका थिए भने कार्यक्रम सञ्चालन अभियानका युवा नेता दिवश पटेलले गरेका थिए।

## सञ्चारमाध्यममा गुणस्तरीय सामग्री अभावः यादव

**महेश कठायत**
**वीरगंज ।**
मधेश प्रदेश सरकारमातहत रहेको आमसञ्चार प्राधिकरणले मधेश प्रदेशमा सञ्चालन भइरहेका सञ्चारगृहको अनुगमन गरेको छ । आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव नेतृत्वको टोलीले शनिबार पर्सा जिल्लाका विभिन्न सञ्चारगृहको अनुगमन गरेको हो । प्राधिकरणले प्रदान गर्दै आइरहेको लोककल्याणकारी विज्ञापन सञ्चारमाध्यमले प्रसारण तथा प्रकाशन गरे नगरेकोलगायतका विषयमा अनुगमन गरिएको अध्यक्ष यादवले बताए । मधेश प्रदेशका सप्तरीदेखि पर्सासम्मका आठ वटै जिल्लाका सञ्चारमाध्यमको अनुगमन तथा निगरानी गर्ने गर्ने क्रममा सञ्चारमाध्यमको अवस्था सन्तोषजनक नरहेको अध्यक्ष यादवको भनाइ छ ।




रेडियो वीरगंज, टिभी वीरगंजलगायत थोरै मात्र सञ्चारगृहको अवस्था स्तरीय रहेको उल्लेख गर्दै उनले अधिकांश एफएमको अवस्था दयनीय रहेको सुनाए । सञ्चारगृहको अनुगमनक्रममा वीरगंज आइपुगेका आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवसँगको संक्षिप्त कुराकानीः

**सञ्चारगृह अनुगनका क्रममा मधेशमा सञ्चारमाध्यमको अवस्था कस्तो पाउनु भयो ?**

– समग्र सञ्चारगृहको अवस्था हेर्दा दयनीय छ । थोरै मात्र सञ्चारमाध्यमको अवस्था राम्रो छ, सबल रुपमा अघि बढिरहेका छन् । उनीहरु पस्किने कन्टेन्ट पनि स्तरीय छन्, बजारमा पनि पहुँच छ । तर, अर्कोतर्फ छापामाध्यमको अवस्था साँघुरिदै गएको छ । एफएमहरुमा पनि विज्ञापन न्यून हुँदै गएका छन् । टिभीको अवस्था पनि उस्तै छ । किनभने सञ्चार माध्यमले पस्किने कन्टेन्टले पनि सञ्चारमाध्यम कति सबल छ भन्ने देखाउँछ । टिभी र रेडियोको कुरा गर्दा कम्तीमा नियमित समाचार प्रसारण हुनु पर्यो । विचारका कार्यक्रम हुनु पर्यो । रिपोर्टमा आधारित कार्यक्रम हुनुपर्यो । त्यसो भए मात्र हामी सबल भएको बुझ्छौ । अहिले अधिकांश रेडियोहरुमा न कार्यक्रम छ न समाचार छ । अन्य राष्ट्रियस्तरका समाचार संस्थाको सहयोगमा समाचार प्रसारण गर्दै आएका छन् । यसलाई कसरी सुधार गर्न सकिन्छ, हामी गृहकार्य गरेर अघि बढ्छौँ ।

**पछिल्लो समय मिडिया क्षेत्रमा पनि विकृती मौलाएको भन्ने सुनिन्छ । यसको नियमन कसरी गरिरहनुभएको छ ?**

– अहिले विशेषगरी सामाजिक सञ्जालमार्फत केही विकृति देखिन्छ । यससम्बन्धमा कानुन बनाउने तयारी पनि भइरहेका छन् । हामी मधेश प्रदेशको सन्दर्भमा त्यस्ता सामग्री उत्पादन गर्नेलाई अनुगमन गर्न र कारबाहीको लागि सिफारिस गर्न सक्छौँ । अहिले पत्रकारितामा गुणस्तरीय कन्टेन्टको अभाव देखिएको छ । पत्रकारिता क्षेत्रमा क्षमता र दक्षताको पनि अभाव छ । अर्को जीविकोपार्जनका लागि पनि पत्रकारितामा सुनिश्चिता नहुँदा यस्तो समस्या आएको देखिन्छ । यस्ता कुरालाई न्यूनीकरण गर्दै जानुपर्छ । गुणस्तरीयतातर्फ सबैले ध्यान दिनुपर्छ ।

**मधेश प्रदेशमा सञ्चारगृह तथा पत्रकारको गुणस्तर वृद्धिका लागि आम सञ्चार प्राधिकरणले के गर्दैछ ?**

– आगामी आर्थिक वर्षमा हामीले मधेश प्रदेशका सम्पूर्ण पत्रकारहरुका लागि स्वास्थ्य र दुर्घटना बीमा गर्दैछौँ । मधेश प्रदेशलाई कार्यक्षेत्र बनाएर सक्रिय पत्रकारलाई एक लाख रुपैयाँको स्वास्थ्य बीमा र सात लाख रुपैयाँको दुर्घटना बीमा गर्न लागेका छौँ । मधेश प्रदेशका पत्रकारलाई प्रेस प्रतिनिधि पत्र दिन आगामी आर्थिक वर्षदेखि गर्ने गरी नियमावली संशोधन कार्य अघि बढेको छ । त्यस्तै, मधेश प्रदेशमा ४३ वटा अनलाइन दर्ता भएका छन् । यहाँ दर्ता भएका र यहाँबाट सञ्चालन भइरहेका अनलाइनले पनि आउने आर्थिक वर्षदेखि लोककल्याणकारी विज्ञापन पाउने भएका छन् ।

त्यसैगरी, मधेश प्रदेशका केही पत्रकार साथीलाई जो पढ्न चाहनुभएको छ । पत्रकारितामा स्नातक गर्नुभएको छ, स्नाकोत्तर गर्न चाहानुहुन्छ भने त्यस्ता पत्रकारलाई हामीले पत्रकारिता छात्रवृत्ति दिलाउने कार्य पनि आगामी आर्थिक वर्षबाट अघि बढाउन लागेका छौँ । त्यसका लागि बजेट समेत बिनियोजन भइसकेको छ । पत्रकारको क्षमता अभिवृद्धिका कार्यक्रम पनि अघि बढाउन खोजको छौँ । साथै गुणस्तरीय सामग्री उत्पादनमा जोड दिन प्रशिक्षण दिने कार्यक्रम पनि अघि बढाउने तयारी गरेका छौँ ।

# जनकपुरमा मनाइयो धान दिवस



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
२१औँ राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०८१ को अवसरमा धनुषाका विभिन्न पालिकामा धुमधामका साथ रोपाई दिवस मनाइएको छ ।
'जलवायु मैत्री प्रविधि धान उत्पादनमा वृद्धि' भन्ने मूल नारासहित शनिबार कृषि ज्ञान केन्द्र ध1नुषाको आयोजना तथा दुधमती डीप ट्युबवेल जल प्रवन्ध समिती पकडियाको सहआयोजनमा धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाको वडा नंम्बर ३ पकडीयामा रोपाई दिवस मनाइएको हो ।
धान दिवसको अवसरमा जिल्ला समन्वय समिति धनुषाका प्रमुख तथा कार्यक्रमका प्रमुख अतिथि राज नन्दन मण्डलले कृषि उत्पादन बढाएर आयात रोक्न कृषकलाई व्यवसायिक खेतीतर्फ प्रोत्साहीत गर्ने नीति र योजना संदर्भमा प्रकाश पार्दै किसानलाई धान रोप्ने बेलासम्ममा पनि मलखाद किसानकोमा पुग्ने तालमेल नमिल्नु, कृषि मंत्रालय, संघीय सरकार सम्बन्धित निकाय लगायतकाले तदारुकताका साथमा पहल हुनैपर्नेमा जोड दिए ।
सो अवसरमा क्षिरेश्वरनाथ नगरपालिकाका प्रमुख सुखदेव यादव, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरीया, सुरक्षा निकायका प्रमुखहरू, ज्ञान केन्द्र धनुषाका प्रमुख डा. रामचन्द्र यादव सहितका कृषि क्षेत्रका अगुवा तथा किसानहरूले करिब ३ कट्ठामा धान रोपाई गरेका थिए । धान रोपाइ कार्यक्रम पछि सम्पूर्ण सहभागीले आँप, दही चिउरा तरकारी खाएर खुशी मनाएका थिए । कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दही चिउरा खान्छन् । यसबेला दही चिउराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ । दिवसको अवसरमा आयोजित कार्यक्रममा कृषि ज्ञान केन्द्र, धनुषाका कृषि प्रसार विशिष्ट अधिकृत राजेन्द्र प्रसाद यादव, प्रदीप कुमार यादव बागवानी बिकास अधिकृत, अमृत लाल कर्ण, राम लोचन चौधरी लगायतका सहभागिता रहेका थिए ।

# मधेशमा उमेर नपुगी विवाह गर्ने ५० प्रतिशत भन्दाबढी

**महोत्तरी ।**
राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार मधेशमा २० वर्ष नपुगी विवाह गर्ने किशोरीको संख्या ५० प्रतिशतभन्दा बढी देखिएको छ । राष्ट्रिय जनगणनामा उल्लेख गरिएको विवरण अनुसार १५ देखि १७ वर्षभित्र विवाह गर्ने २७.७ प्रतिशत छन् । यसैगरी १० देखि १४ वर्षको उमेरभित्र विवाह गर्ने ९.३ प्रतिशत र १० वर्ष उमेर मुनि विवाह गराइने ०.२ प्रतिशतसहित यो संख्या ३७.२ प्रतिशत हुन्छ ।
अठार र २० वर्ष उमेरबीच विवाह गर्ने ३९.५ प्रतिशत छन् । दुलाहाको उमेर २० देखिए पनि दुलही १७ वर्षका पाइएका छन् ।
उमेर नपुगी विवाह भएका महिला ३९.५ को आधा हुँदा कूल उमेर नपुगी विवाह हुनेको संख्या ५० प्रतिशतमाथि पुग्ने देखिएको बालविवाहविरुद्ध सामाजिक अभियान सञ्चालन गर्दै आएको रत्यौली युवाक्लबका अध्यक्ष वैद्यनाथ



चौधरीले जानकारी दिए । मधेशमा विवाह हुने सालाखाला औसत उमेर नै १८ वर्ष रहेको राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अभिलेखमा उल्लेख छ । पुरुषको उमेर २० वर्ष भए पनि महिला १७ वर्षसम्मका पाइएका छन् ।
बालविवाहको यो पाटोबाहेक अनमेल विवाह हुँदा पनि बालविवाहमा पर्ने किशोरी नै बढी रहेका देखिएको चौधरीले बताए । पछिल्ला केही वर्षयता अनमेल विवाह घट्दै गए पनि समाजमा पाको उमेरका पुरुषको सम्पति हेरेर उमेर नपुगेकी छोरी दिनेहरु समाजमा अझै बाक्लै रहेका उनको भनाइ छ । बालविवाहको यो अवस्था अन्त्य गर्न जिल्लाका स्थानीय तहले विभिन्न सामाजिक सङ्घसँगको सहकार्यमा सामाजिक जागरण अभियान सञ्चालन गर्दै आएका छन् । मटिहानी, बलवा, मनराशिशवा, जलेश्वर र लोहारपट्टी नगरपालिका तथा पिपरा र महोत्तरी गाउँपालिकामा
बालविवाहविरुद्ध सामाजिक जागरणका लागि विवाह प्रणाली सुधार परियोजना सञ्चालन भइरहेका मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए ।
यी सात स्थानीय तहका ४९ वटा विद्यालयमा बालविवाह अन्त्यका लागि जीवनोपयोगी शिक्षा र व्यवहार परिवर्तनसम्बन्धी सैद्धान्तिक कक्षा, छलफल र अभ्यास भइरहेका जनाउँदै यसबाट सकारात्मक परिणाम प्राप्त भइरहेको नगरप्रमुख मण्डलले बताए । बालविवाह न्यूनीकरणका लागि स्थानीय सरकारले विद्यालयमा बालबालिका र अभिभावकबीच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन, तालिम र बालमैत्री शासनलगायत कार्यक्रम सञ्चालन गराइरहेका छन् । मटिहानी नगरपालिकाले उमेर पुगेपछि छोराछोरीको विवाह गराउने अभिभावक, विवाह विधि सम्पन्न गराउने गुरु÷पुरोहित तथा मोल्वी (इस्लाम धर्मावलम्बीका पुरोहित)लाई सामाजिक सम्मान गर्दै आएको छ । रासस

# किसानलाई अनुदानमा कृषि औजार

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौलीमा जोतपुर कृषि सहकारी संस्था लिमिटेडले किसानलाई अनुदानमा कृषि सामग्री वितरण गरेको छ । पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ५ निचुटामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा जोतपुर कृषि सहकारी संस्थाले किसानहरुलाई ५० प्रतिशत अनुदानमा कृषि औजार वितरण गरेको हो । धानको उत्पादन बृद्धिमा सहयोग पुगोस् भन्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा किसानका लागि कृषि औजार तथा यान्त्रिकीकरण कार्यक्रमको गरिएको कार्यक्रममा सहभागी दिपक यादवले जानकारी दिए ।
उक्त कार्यक्रममा करिब एक सय पचासभन्दा बढी किसानलाई मोटर, डिजिटल तराजु, स्प्रे ट्यांकी, जिंक जाइम लगायतका सामग्री वितरण गरिएको हो । जोतपुर कृषि सहकारी संस्थाका अध्यक्ष दरोगा मियाँको अध्यक्षतामा भएको उक्त कार्यक्रममा इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रमुख, जसपा पर्साका उपाध्यक्ष नागेन्द्र यादव, नेपाल कांग्रेसका कासी साह तेली, रेडक्रसका प्रतिनिधी नन्दलाल चौधरीलगायतको सहभागिता थियो । कार्यक्रमको सहजिकरण रमानन्द मिश्र र अब्दुल आलमले गरेका थिए ।

# पटेर्वा सुगौलीमा कृषि भवन निर्माण हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाँउपालिका वडा नम्बर ४ सुगौलीमा करिब साढे दुई करोड रुपैयाँको लागतमा अत्याधुनिक कृषि ल्याबसहितको कृषि भवनको निर्माण थालिएको छ । विश्व बैंकको आर्थिक सहयोगमा पटटेर्वा सुगौली गाँउपालिकाले दुई करोड ४८ लााख रुपैयाँको लागतमा अत्याधुनिक कृषि ल्याब सञ्चालनका लागि कृषि भवन निर्माण गर्न थालेको हो । संघ सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको ग्रामीण उद्यम तथा आर्थिक विकास (रीड)आयोजना अन्तरर्गत नगरस्तरीय कृषि तथा पशु सेवा केन्द्र (कृषि ल्याबसहितको कृषि भवन) को शनिबार गाँउपालिकाका अध्यक्ष दिनेश चौधरीले कृषि भवन निर्माणको शिलान्यास गरेका छन् । सुगौलीमा निर्माणधिन गाँउपालिकाको प्रशासनीक भवन छेउमै निर्माण गर्न लागिएको कृषि भवनमा सञ्चालन गरिने कृषि ल्याबबाट कृषकको खेतको माटो परीक्षण, बालीमा लाग्ने रोग र किराको जाँच र पहिचान, पशुचौपायाको गोबर, पिसाब र रगतको परीक्षण, बालीमा लाग्ने रोग र किराको निदानका लागि विषादीको सिफारिस लगायतका सेवाहरु प्रवाह गरिने गाँउपालिका अध्यक्ष चौधरीले जानकारी दिए । पर्सामा रहेका १४ वटा पालिका मध्ये पटेर्वा सुगौली गाँउपालिकामा निर्माण गर्न लागिएको कृषि ल्याबसहितको कृषि भवन पहिलो रहेको गाँउपालिकाकी उपाध्यक्ष ममता महत्तो थारुले बताइन् ।

# राष्ट्रिय स्वतन्त्र पार्टी ठोरी सभापतिमा माधव बस्नेत



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम ठोरी पालिका भेलाले सभापतिमा माधव बस्नेत निर्बिरोध चयन भएका छन । शनिबार ठोरीको भन्सार चोकमा आयोजित रास्वपाको प्रथम भेलाले बस्नेतलाई सभापतिमा चयन गरेको हो ।
लामो समयदेखि होटल व्यवसायमा संलग्न बस्नेत होटल व्यवसायी महासंघ नेपालको केन्द्रिय सदस्य र होटल तथा पर्यटन व्यावसायी संघ पर्साका महासचिव समेत हुन् ।
भेलाले माधव बस्नेतको सभापतित्वमा ११ सदस्यीय पालिका समिति चयन गरेको छ । समिति उपसभापतिमा रामशरण लमिछाने, सचिव धन बहादुर श्रेष्ठ, कोषाध्यक्ष रमा श्रेष्ठ र सदस्यहरुमा प्रवेश बस्नेत, भुवन बुढाथोकी, तारा बहादुर श्रेष्ठ, पदम श्रेष्ठ, कालमान लोप्चन, भक्त कुमारी पण्डित र उदय लाल कायस्थ चुनिएका छन् । रास्पवा क्षेत्र नं. ४ सभापति जितेन्द्र मिश्रको सभापतित्वमा सम्पन्न उक्त भेलामा प्रमुख अतिथि केन्द्रिय सदस्य डा नन्दन यादवले पार्टीको नीतिको बारेमा प्रकाश पार्दै अबदेखि पार्टीको कार्यक्रममा खादा माला र ब्याच प्रयोग नगर्न आग्रह गरे ।
रास्वपा पर्सा जिल्ला संयोजक हरि पन्तले स्वागत भाषण गर्दै युवापंक्ति राजनीति अगाडि आउन आग्रह गरे । प्रमोद रायमाझीले सहजीकरण गरेको उक्त कार्यक्रममा पार्टीको अभियान तथा प्रचार प्रसार विभाग प्रमुख राम सरार्फ, उप संयोजक तुलशा पौडेल, पूर्व संयोजक दिलिप कुर्मी, प्रदेश सदस्य सुदिश प्रजापती, पुर्शोतम देब उपाध्याय, कामोध्या चौधरी, राम आर्य, कृष्ण पास्वान, सन्दीप पुरी लागाएतको सहभागीता थियो ।

# वीरगंजमा ११५ जनाले गरे रक्तदान



**मधेशदृष्टि**
**वीरगंज ।**
आयोजना अयोजित रक्तदान कार्यक्रममा एक सय १५ जनाले रक्तदान गरेका छन् । वीरगंज हेल्थ केयर हस्पिटलले शनिबार आयोजना गरेको रक्तदान कार्यक्रममा अस्पतालका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी र कर्मचारी गरी एक सय १५ जनाले रगत दान गरेका हुन् । रक्त सञ्चार केन्द्र वीरगंजमा रगतको चरम अभाव भएपछि केन्द्रको अनुरोधमा शनिबार हस्पिटल परिसरमै रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।
सो अवसरमा रक्तदान गर्नेहरुमा हस्पिटलका चिकित्सकहरु डाक्टर नाजदा खातुन, डाक्टर फिरोज अफजल, डाक्टर इल्ताफ अन्सारी, डाक्टर नौशाद आलम, डाक्टर विष्णुकान्त तिवारी, डाक्टर अजय महत्तो, डाक्टर धिरज, स्टाप नर्स विन्ध्या प्रधान, खुश्बु नेशाल निशा चौधरी, शारजाह खातुन, ज्योति श्रेष्ठ, रेडियोलोजी प्राविधिक अफसर आलम, हासिम अन्सारी लगायतका रहेको हस्पिटलका अध्यक्ष डाक्टर अबुलहैस अन्सारीले जानकारी दिए । यसैबिच वीरगंजमा शनिबार बृहस्पति फाउण्डेशन नेपालले आयोजना गरेको रक्तदान कार्यक्रममा पनि चार जना महिलासहित २९ जनाले रगत दान गरेका छन् । वीरगंज महानगरपालिका वडा नम्बर ६ माईस्थान अतिथी सदनमा आयोजित रक्तदान कार्यक्रममा दीपक साह, बाबुनन्द पटेल लगायतकाले रगत दान गरेको रक्त सञ्चार केन्द्र वीरगंजले जनाएको छ ।

# किसानको विकास भए मात्र देशको विकास

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले किसानको विकास भए मात्र देशको विकास हुने बताएका छन् । वीरगंज महानगरपालिकाद्वारा वडा नम्बर २७ उदयपुरघुर्मीमा आयोजित २१ औं राष्ट्रिय धान दिवसको अवसरमा 'जलवायु मैत्री कृषि धान उत्पादन' विषयक कार्यक्रममा उपप्रमुख आलमले यस्तो बताएका हुन् । कृषि क्षेत्रमाा लगानी गर्न जस्तो सुकै कार्यक्रममा महानगर सहयोग गर्न तयार रहेको बताउँदै उपमेयर आलमले सबै कृषकलाई खेती गर्न नछोड्न आग्रह गरे । धान दिवसको अवसरमा उपमेयर आलमले कृषि क्षेत्रमा योगदान पुर्याएका किसानहरुलाई नगद तथा कदरपत्रसहित सम्मानित पनि गरेका थिए । वडाअध्यक्ष हृदयनारायण कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा महानगरका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई, हरिशंकर कुर्मी, रामकुमार कुशवाहा, रुपनारायण राउत कृषि शाखा प्रमुख रोशनी तिवारी लगायतको सहभागीता थियो ।

# बस दुर्घटना हुँदा एक जनाको मृत्यु




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गौर–चन्द्रनिगाहपुर खण्डमा शनिबार बिहान यात्रुवाहक बस दुर्घटना हुदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा परी १३ जना यात्रु घाइते भएका छन् । गरुडा नगरपालिका वडा नम्बर १ स्थित जयनगर चोकनजिक गौरबाट भैरहवातर्फ आउँदै गरेको ना ७ ख ८४१४ नम्बरको बस अनियन्त्रित भई पल्टिँदा माधवनारायण नगरपालिका वडा नम्बर ३ भेल्हीका शैलेन्द्र कुमार गिरीको १८ वर्षीया छोरी नेहाकुमारी गिरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रवक्ता डीएसपी एलिजा गिरीले जानकारी दिइन् ।
दुर्घटनाको खबर पाएलगत्तै इलाका प्रहरी कार्यालय गरुडा र शिवनगरबाट टोली पुगेर घाइतेको उद्धार गरेको थियो ।
घाइतेलाई प्रहरीले स्थानीय अस्पतालमा उपचारको लागि पठाएको थियो । दुर्घटनामा २६ वर्षीया रन्जुदेवी दासको दाहिने हात भाँच्चिएकोले शिवनगरस्थित ग्रान्डी अस्पतालमा उपचार भइरहेको डीएसपी गिरीले बताइन् ।
बस चालक फरार रहेको र खोजी कार्य भइरहेको उनले जानकारी दिइन् ।

# प्रहरीद्वारा गाँजा र श्रोत नखुलेको नगद बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्साले लागुपदार्थ गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पोखरीया नगरपालिका वडा नम्बर ५ बस्ने १८ वर्षीय इमताज आलम रहेको प्रहरीले जनाएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १६ इनरुवा भन्सार मेनगेटस्थित प्र.सी, सु गुल्मबाट खटिएको चेकप्वाईन्ट डिउटी टोलीले चेकजाँच गर्ने क्रममा आलमलाई गाँजासहित पक्राउ गरेको हो । उनी नेपालबाट यात्रुबाहक अटोमा सवार भई भारततर्फ जादै गर्दा निजले बोकेको झोलामा प्लास्टिकले बेरिएको अवस्थामा ५ केजी ७२० ग्राम प्रतिबन्धित लागुऔषध गाँजा फेला परेको प्रहरीले जनाएको छ । त्यसैगरी, शनिबार नै भन्सार चेक पोइन्टबाट भारतको रक्सौलबाट वीरगंजतर्फ आउदै गरेका एक जनालाई स्रोत नखुलेको दुई लाख रुपैयाँ रकमसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगंज निवासी ४५ वर्षीय दिपक कुमार कलवार रहेको प्रहरीले जनाएको छ ।

*यदि जिन्दगीलाई बुझ्नु छ भने, पछाडि फर्केर हेर । यदि जिन्दगी जिउनु छ भने अगाडि हेर । –अज्ञात*

## सम्पादकीय

# भातै खान समस्या !

*नेपालीको मुख्य खाना भात हो र नेपालको मुख्य बाली धान खेती हो । यति सानो कुरा पनि किन लेखिरहेको होला भनेर तपाईंको मनमा परिरहेको होला, त्यो पनि ठीक हो । अझ सबै भन्दा बढी धान फल्ने ठाउँ मधेश हो, त्यहाँ के यस्तो कुरा गरिरहेको होला भन्ने तपाईंको मनमा परिरहेको हो भने झन ठीक हो । तर, हरेक वर्ष दुई सिजनमा नेपालमा धान खेती हुने गरे पनि हामीलाई भातैको कुरा नगरी हुन्न, धानकै विषय नउठाइ हुन्न । नेपालको अन्न बालीमा सबैभन्दा धेरै योगदान दिने क्षेत्र पनि धान नै हो । तर, मूल बालीकै रुपमा रहेको धानको देशभित्र हुने उत्पादनले नेपालीलाई खान पुग्दैन । मधेशमा धेरै धान फले पनि मधेशी मात्र होइन, नेपालीलाई चामल किन्नु पर्ने अवस्टा छदैँछ । सरकारी तथ्यांक अनुसार नेपालीलाई ५ लाख १ हजार ५ सय ५ मेट्रिक टन चामल प्रतिवर्ष अपुग हुन थालेपछि हामीले फलाएको धानको के कुरा, हामीले किसान भनेर फुर्ति लगाएको के फुर्ति ? कृषि विभागको तथ्यांकअनुसार नेपालीलाई यहाँ उत्पादित धान उत्पादनले भात खान नपुग्ने देखिएको हो । विभागका महानिर्देशक डा. नरहरिप्रसाद घिमिरेका अनुसार एक नेपालीले प्रतिवर्ष १ सय २ केजी चामल उपभोग गर्छन् । अब चामल उपभोगको कुरा गरेर हामी भोकै पर्ने देशमा फेरि दशैँमा निधारभरि अबिरमा मुछेको चामल लगाएर फुर्ति गर्ने मनुवा पनि हौँ ।*

*प्रतिव्यक्ति हिसाबमा नेपालको जनसंख्यालाई एक वर्षमा ६२ लाख ८८ हजार ६ सय ६० मेट्रिक टन धान आवश्यक पर्छ । तर, नेपालको कुल धान उत्पादन प्रतिवर्ष ५७ लाख ७ हजार एक सय ५५ मेट्रिक टन भन्दा माथि छैन । यो उत्पादन र आवश्यकताका हिसाबले पौने ६ लाख मेट्रिक टन भन्दा बढी चमल अपुग छ । देशभरमा १४ लाख ३४ हजार ७ सय १७ हेक्टरमा धान खेती हुँदै आएको छ । जनसंख्याको अनुपातमा चामलको अभाव भए पनि सरकारका कृषिसँग काम गर्ने निकाय धानको उत्पादकत्व बढ्दै गएकामा बहुत खुशी भइरहेका छन् । तिनले नेपालीले भात खान पाए पनि पनि नपाए पनि खासै हिसाब राख्ने गरेका छैनन् ।*

*शनिबार चितवनमा आयोजित राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा धानको उत्पादकत्व बढेको भन्दै चामल अपुग कम हुँदै जाने पनि बताएपछि अब देशमा रोपाइँ भन्दा पनि धान उत्पादन बढेको विषय फेरि ठूलो बन्ने गरेको छ । २०७९ सालमा नेपालमा धानको उत्पादकत्व ४ दशमलव ९१ रहेकोमा २०८० सालमा बढेर ५ दशमलव ०१ प्रतिशत पुगेको सरकारी तथ्यांक पनि छ । चामल आयात ४७ र धानको आयात ४३ प्रतिशतले घटेपछि तपाईं हामी तथ्यांक पढेर खुशी हुने र धान उत्पादन बढाउनेमा लाग्ने भन्दा अरु के नै गर्न सकिन्छ र ? यो तथ्यांके उत्साहित मात्र बनाएको छैन, धान फलाउन पर्छ र चामलको माग घटाउन पर्छ भनेर सन्देश दिएकै छ ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# पुष्पलालको जन्मशताब्दी र नेपाली कम्युनिष्ट आन्दोलन



**महेन्द्रप्रकाश सिवाकोटी ।**

नेपालको कम्युनिष्ट आन्दोलनका आरम्भकर्ता पुष्पलालको जन्म १९८१ असार १५ गते रामेछापको भङ्गेरीमा भएको थियो । शहीद गङ्गालालको भाइ पुष्पलाल, परिवारको माइलो छोरो हुनुहुन्थ्यो । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल, राजा महेन्द्रले २०१७ सालमा प्रजातन्त्रमाथि 'कू' गरेपछि भारत निर्वासित हुनु भएको थियो । निर्वासनकै क्रममा उहाँ गम्भीर रूपमा बिरामी हुनुभयो । उपचारकै क्रममा २०३५ साउन ७ गते भारतस्थित नयाँदिल्लीमा उहाँको निधन भयो ।

नेपालका कम्युनिष्ट र नेपाली काँग्रेस मिलेर संयुक्तरूपमा जनआन्दोलन गरेमा नेपालमा प्रजातन्त्रको बहाली हुन्छ भन्ने उहाँको विचार थियो । आज पनि पुष्पलालको विचारलाई विश्लेषण गरेर भन्ने हो भने नेपालका कम्युनिष्ट र नेपाली कांग्रेस दुवै मिलेर जनताको भावना अनुरूपको समृद्ध नेपाल निर्माण गर्न अगाडि बढ्ने हो भने मुलुकले निश्चय नै विकासको ठूलो फड्को मार्नेछ । देश समृद्ध हुनेछ र नेपाली जनता सुखी हुनेछन् । नेपाली कम्युनिष्ट आन्दोलनका शिखर पुरूष हुनुहुन्थ्यो–पुष्पलाल । नेपाली कम्युनिष्ट राजनीतिमा उहाँको उपस्थिति र भूमिकाले नै नेपालमा कम्युनिष्ट पार्टी स्थापना र उक्त सङ्गठन विस्तारका लागि उत्प्रेरकको भूमिका निर्वाह भएको थियो । पुष्पलालको परिवार राजनीतिक रूपमा अपरिचित थिएन । उहाँका आफ्नै दाजु गङ्गालाललाई २२ वर्षको कलिलो उमेरमा राणा शासकहरूले गोली हानेर हत्या गरेका थिए । सानैदेखि राजनीतिक परिवेशमा हुर्केका र आफ्नै अगाडि दाजुको गोली हानी हत्या गरेको अवस्था अनि घरमा भइरहने राजनीतिक जमघट र गतिविधि किशोर पुष्पलालका लागि प्रेरक घटना बनेका थिए । दाजु गङ्गालालले आफ्नो हत्या हुनुअघि "आफूले गर्न नसकेको प्रजातन्त्रको स्थापनाको कार्यभारलाई तिमीले गाउँको कुनाकुनासम्म पु¥याउनु" भन्ने सन्देशलाई उहाँले जीवनभरि पछयाइरहनुभयो । गङ्गालाललाई शोभाभगवतीमै हत्या गरेकै दिन पुष्पलालले नेपालबाट पारिवारिक राणा र सामन्ती सत्ताको अन्त्य गरी सच्चा जनवादी लोकतान्त्रिक न्यायपूर्ण गणतन्त्रवादी नेपाल निर्माण गर्ने प्रण गर्नु भएको थियो ।

### कम्युनिष्ट पार्टीको स्थापना

विसं १९९८ मा पुष्पलाल श्रेष्ठले प्रेमबहादुर कंसाकार, शम्भुराम श्रेष्ठ, सूर्यबहादुर भारद्वाज र राजारामसँग मिलेर नेपाली प्रजातान्त्रिक सङ्घको गठन गर्नुभयो । सङ्घमा रहेका सदस्यले आ–आफ्नो रगतले प्रतिज्ञापत्रमा सही गरेर पार्टीमा लाग्नुपर्ने नियम बनाएका थिए । सङ्घले राणाशासनको विरोध गर्ने, विद्यालयहरू खोली विभिन्न खालका सीपमूलक तालिम दिने गरिन्थ्यो । भारतमा पनि राणाविरोधी क्रियाकलाप बढाउन पुष्पलालले भित्रभित्रै नेपाल प्रजा परिषद्का नेताहरूसित गोप्यरूपले सम्पर्क राखी टङ्कप्रसाद आचार्यलगायत अरू नेताहरूको फोटो सन् १९४२ मा भारत, पटनाबाट प्रकाशित हुने 'जनता' पत्रिकामा प्रकाशित गर्न मद्दत गर्नुभयो ।

त्यस्तै २००४ सालमा नेपाली राष्ट्रिय काग्रेसले नागरिक अधिकारका लागि गरेको आन्दोलनको नेतृत्व पुष्पलाल, शम्भुराम श्रेष्ठ, स्नेहलता श्रेष्ठ, साहना प्रधान आदिले गर्नुभयो । माक्र्सवाद–लेनिनवादलाई सर्वोत्तम विचारधारा ठानी २००६ सालमा कलकत्तामा पुष्पलालले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्नुभयो । यसका संस्थापक सदस्यहरूमा नरबहादुर कर्माचार्य, निरन्जन गोविन्द वैद्य, नारायण विलास जोशी, मोतिदेवी श्रेष्ठ आदि थिए ।

### कम्युनिष्ट पार्टीको घोषणापत्र

पुष्पलालले नेपालमा कम्युनिष्ट विचारधाराको व्यापक प्रचार–प्रसार गर्न कार्लमाक्र्स र फेडरिक एंगेल्सद्वारा लिखित 'कम्युनिष्ट घोषणापत्र' नेपाली भाषामा अनुवाद गर्नुभयो । सो घोषणापत्र माक्र्सवादी विचारको नेपाली भाषामा पहिलो साहित्य हो । २००६ वैशाख १० गते नेपालमा कम्युनिष्ट पार्टीको आवश्यकता छ भन्ने महसुस गरी नेपाल कम्युनिष्ट पार्टी स्थापनार्थ सङ्गठन समितिको गठन आफ्नो नेतृत्वमा गर्नुभएको थियो । यसका सदस्यहरूमा गोविन्द निरन्जन वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ रहनुभएको थियो । यस सङ्गठन समितिले २००६ भाद्र ३० गते नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्रका साथ विधिवत् नेपाल कम्युनिष्ट पार्टीको घोषणा ग¥यो । पार्टी स्थापना भएपछि विस्तारै कम्युनिष्ट पार्टीको सदस्यमा मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शम्भुराम श्रेष्ठ, डिपी अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, हिक्मतसिंह भण्डारी, केशरजङ्ग रायमाझी आदि जोडिनुभयो । विसं २००८ मा पुनः कलकत्ताको एक धर्मशालामा कम्युनिष्ट पार्टीको पहिलो सम्मेलन भयो । नेपालको आधुनिकीकरणका लागि 'नयाँ जनवादका निम्ति नेपाली जनताको बाटो' नामक कार्यक्रम पास भयो । यही बैठकले नेपालमा नयाँखाले पुँजीवादी जनवादी क्रान्ति गर्नुपर्ने आवश्यकतालाई जोड दियो यसलाई नयाँ जनवादी कार्यक्रमको संज्ञा दिइएको थियो । क्रान्तिपछि राज्यको स्वरूप नयाँ जनवादी गणतन्त्र हुने घोषणा गरिएको थियो । यसले नयाँ जनवादी गणतन्त्रमा सामन्तवाद–साम्राज्यवाद विरोधी सबै दलहरूलाई प्रतिस्पर्धात्मक छुट दिने र राज्यको आर्थिक व्यवस्था समाजवादोन्मुख हुने तथा निजी र सरकारी दुवै क्षेत्रको सहकार्यमा समाजवादको निर्माण गर्ने र प्रेस स्वतन्त्रता, बोल्ने, लेख्ने, सम्पत्ति आर्जन गर्ने र सबै प्रकारका मौलिक हक हुने कार्यक्रम ल्याएको थियो । त्यस्तै स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिएको थियो । त्यस्तै क्रान्तिकारी भूमिसुधार लागू गर्ने, जनतालाई निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी, गास, बास र कपासको अनिवार्य व्यवस्था राज्यले गर्नुपर्ने आदि महत्वपूर्ण कुरा यसमा उल्लेख गरिएका थिए ।



### समाज अध्येता पुष्पलाल

आफ्ना समकालीन नेताहरूभन्दा फरक पुष्पलाल राजनीतिक कर्महरूमा मात्र सीमित हुनु भएन । उहाँले नेपाली समाजको अध्ययन गर्ने, नेपाली इतिहासलाई माक्र्सवादी–भौतिकवादी दृष्टिकोणले केलाउने र त्यसको आधारमा नेपाली क्रान्तिको कार्यक्रम तय गर्ने ऐतिहासिक जिम्मेवारी वहन गर्नुभयो । नेपाली समाजको विश्लेषणको क्रममा पुष्पलाल नेपाली समाज अर्धसामन्ती र अर्ध–औपनिवेशिक



रहेको निष्कर्षमा पुग्नुभएको थियो । २०२५ सालको तेस्रो सम्मेलनबाट नयाँ जनवादी कार्यक्रम पारित गर्दा उहाँ दीर्घकालीन सशस्त्र किसान क्रान्ति सङ्घर्षमार्फत् नयाँ जनवाद स्थापना गर्नुपर्ने निष्कर्षमा पुग्नुभएको थियो । उहाँले नेपाली समाजमा पूर्ण प्रजातान्त्रिक (जनवाद) मूल्य र मान्यताको स्थापना र सामाजिक न्यायका लागि जीवनभर आन्दोलनमा होमिनु भयो । उहाँ जहिले पनि श्रमिको हित र विशेष गरेर समाजको पिछडिएको वर्गको हितको बारेमा सोच्ने गर्नुहुन्थ्यो । २००७ सालको क्रान्तिकालमा त्रिपक्षीय दिल्ली सम्झौता (राजा, राणा, भारतबीच भएको) विरूद्ध पुष्पलालले नेतृत्व गर्नु भई राष्ट्रियताको पक्षमा सङ्घर्ष चलाउनुभयो । त्यो सङ्घर्षले नेपालमा कम्युनिष्ट आन्दोलनका लागि पर्याप्त सहयोग पु¥यो ।

त्यतिबेलाको नेपाली समाजमा एउटा उदाउँदो चम्किलो नेताको रूपमा आफ्नो छवि स्थापना गर्नुभएको थियो । उहाँमा सशक्त नेतृत्वदायी क्षमता थियो । उहाँ समाज परिवर्तनको प्रवर्तक हुनुहुन्थ्यो । उहाँले राणाविरोधी आन्दोलन, प्रजातान्त्रिक सुधार र निरङ्कुश शासनको अन्त्यका लागि सशक्त नेतृत्व गर्नुभएको थियो । उहाँको बौद्धिकता उहाँले लेखेका माक्र्सवाद र समाजवादसँग सम्बन्धित लेखकहरूबाट झल्कन्छ । प्रगतिशील बुद्धिजीवि सम्मेलनमा दिएको भाषण, नेपालमा मातृसत्तात्मक समाज, नेपालमा राजतन्त्रको उत्पत्ति विकास र यसको भविष्य (अन्त्य), नेपाली समाजको ऐतिहासिक सर्वेक्षणको आवश्यकताका साथै उहाँले 'कम्युनिष्ट पार्टीको घोषणापत्र' नेपाली भाषामा अनुवाद गर्नुभएको थियो । साथै, नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र पनि उहाँले नै लेख्नुभएको हो । उहाँका लेख–रचनाहरू नेपाली नागरिकलाई शिक्षित र जागरूक गर्ने खालको हुन्थ्यो ।

अन्तर्राष्ट्रिय समाजवादी र कम्युनिष्ट आन्दोलनहरूसँग पुष्पलालको सम्बन्ध रहेको छ । उहाँले मस्को र बेइजिङका सम्मेलनहरूमा भाग लिनुभएको थियो । विश्वका शोषित, उत्पीडित जनताको पक्षमा सङ्घर्षरत पार्टीहरूसँग उहाँको सम्बन्ध र ऐक्वद्धता थियो । उहाँले नेपाली समाजको समाजवादी विचारधारा र सामाजिक परिवर्तनका लागि रणनीतिहरूबारे समेत चर्चा गर्न चुक्नुभएको थिएन । पुष्पलाल राजतन्त्रको प्रखर आलोचक हुनुहुन्थ्यो र नेपालमा गणतन्त्रको वकालत गर्ने पहिलो व्यक्ति पनि हुनुहुन्थ्यो । उहाँले सामन्ती शासनभन्दा जनताको हितलाई प्राथमिकता दिने राजनीतिक संरचनामा विश्वास गर्नुभएको थियो । उहाँले नयाँ जनवादी कार्यक्रम नेपाली जनताको एक मात्र मूलबाटो कार्यक्रम नै प्रस्तुत गर्नुभयो । आफ्नो राजनीतिक जीवनकालभर पुष्पलालले नेपालमा पूर्ण प्रजातन्त्र (जनवाद) र समाजवादको आन्दोलनलाई बलियो बनाउन सामन्तीवाद इतर–शक्तिहरूको गठबन्धन बनाउने काम गर्नुभयो । उहाँ नेपाली जनताको उत्थान, सामन्ती शासनको अन्त र गणतन्त्रको स्थापनाका लागि नेपालका सबै सामन्तीवाद इतर–शक्तिहरूको राजनीतिक पार्टीहरूमा कार्यगत एकताको पक्षमा हुनुहुन्थ्यो । त्यही अनुरूप उहाँले टङ्कप्रसाद आचार्यले नेतृत्व गरेको प्रजा परिषद्समेतको जातीय जनतान्त्रिक मोर्चा बनाउनदेखि सामन्तवाद इतर अन्य राजनीतिक दलहरूलाई पनि संयुक्त आन्दोलनमा हिस्सा लिन उत्प्रेरणा गर्नु भएको थियो ।

पुष्पलालका विचार र सिद्धान्तले नेपालको राजनीतिक बहसलाई आज पनि निरन्तर प्रभाव पारिरहेको छ । अबको नेपाली जनताको मुक्तिमार्ग पुष्पलालको सिद्धान्त र नीतिबाहेक अर्को विकल्प छँदैछैन । आगामी पुस्ता र राजनीतिककर्मीहरू लागि सामाजिक परिवर्तन र प्रगतिको दिशामा अग्रगतिमा बढ्न चाहनेहरूले पुष्पलालको सिद्धान्त र नीतिलाई प्रेरणा तथा मार्गदर्शनको स्रोतको रूपमा लिनु अत्यावश्यक छ । समग्रमा नेपालको राजनीतिक र वैचारिक परिदृश्यमा पुष्पलालको योगदान गहिरो र दूरगामी छ । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक सदस्यहरूमध्ये एक र समाजवादी सिद्धान्तहरूको प्रखर अधिवक्ताको रूपमा पुष्पलालले सामाजिक कल्याण, आर्थिक समानता र श्रमिक वर्गको अधिकारको वरिपरि केन्द्रित राजनीतिक बहसका लागि आधार तयार पार्नुभएको थियो ।

यसबाहेक पुष्पलालको प्रभाव राजनीतिक आन्दोलनहरूमा प्रत्यक्ष संलग्नताका साथै दार्शनिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत नेपाली समाजमा वर्गहरूको स्थिति विश्लेषण माक्र्सवादी चिन्तनको आधारमा गर्नुभएको थियो । समाजवाद र नेपालको राजनीतिक परिदृश्यमा लेखिएका लेखहरूसहित उहाँका बौद्धिक योगदानले युवा कार्यकर्ता र बुद्धिजीवीहरूका लागि मार्गदर्शन गर्ने कार्य गरेको थियो र आज पनि गरिरहेको छ । उहाँले छाडेको विचारधारा आज पनि उत्तिकै सान्दर्भिक र समसामयिक छ । लोकतान्त्रिक मूल्यमान्यता, सामाजिक कल्याण र आर्थिक समानताका लागि उहाँको वकालतले नेपालमा वामपन्थी राजनीतिक दलहरूको नीति र प्राथमिकताहरूलाई आकार दिन ठूलो टेवा पु¥याएको छ ।

पुष्पलालको संयुक्त जनआन्दोलनको नीतिले नेपालमा सामन्ती राजतन्त्रको अन्त्य हुन पुगेको कुरा सबैले महसुस गरेकै हो । सामाजिक न्याय, समावेशी विकास र लोकतान्त्रिक शासन व्यवस्थाका लागि चलिरहेको आन्दोलनमा उहाँको स्थायी छाप कहिले पनि मेटिने छैन । उहाँको विरासतले अझ न्यायपूर्ण, समतामूलक र पूर्ण प्रजातान्त्रिक (जनवाद) समाजका लागि चलिरहेको सङ्घर्षमा एउटा ठूलो कोसेढुङ्गाको रूपमा कार्य गरेको छ; जसले वर्तमान र भावी पुस्तालाई आफ्नो जीवनभरि एउटा प्रेरणादायक भूमिका निभाउन र पुष्पलाल देखाएको मार्गमा हिड्न सङ्घर्ष गर्दै अगाडि बढ्ने प्रेरक बनोस् ।

# सहकार्यलाई सफल बनाएर एकताको ढोका खोल्नुपर्छः प्रधानमन्त्री



**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विचारधारात्मक प्रश्नहरूमा समान दृष्टिकोण निर्माण गर्दै कम्युनिष्ट एवं वामपन्थी शक्तिहरू एकताबद्ध हुनुपर्छ भन्नेमा आफू र आफू नेतृत्वको पार्टी स्पष्ट रहेको बताएका छन् । नेकपाका संस्थापक महासचिव पुष्पलालको 'पुष्पलाल जन्मशताब्दी' समारोहलाई शनिबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहालले नेपाली कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्ने प्रयासमा कम्युनिस्ट एवं वामपन्थी शक्तिहरूले भूमिका खेल्दै आएको बताए ।

'विगतमा नेपाल दुई ठूला कम्युनिस्ट पार्टीलाई एकताबद्ध गर्ने प्रयासस्वरूप नेकपा निर्माण गऱ्यौँ । तर, कतिपय हाम्रा सीमा तथा कतिपय सन्दर्भमा वैचारिक प्रश्नहरूमा समान दृष्टिकोण निर्माण र बुझाइ कायम गर्ने कुरामा हतारिँदा एकता दीगो हुन सकेन', प्रधानमन्त्री दाहालले भने, 'विगतका अनुभवबाट समेत शिक्षा लिँदै वामपन्थी शक्तिहरूबीचको समीकरण सुदृढ गर्ने र सहकार्यलाई बलियो बनाउँदै जानुपर्छ ।' व्यवस्थामा आएको परिवर्तनअनुरूप जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने कोशिस जारी रहेको बताउँदै प्रधानमन्त्रीले सामन्ती व्यवस्थाको अन्त्यपछि देशले पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सामाजिक न्याय लगायतका क्षेत्रमा गुणात्मक प्रगति हासिल गरेको बताए ।

'दशकौँ लामो सङ्घर्षका बलमा समाजवादउन्मुख संविधान निर्माण गर्न सफल भएका छौँ' प्रधानमन्त्री दाहालले भने, 'सामन्ती राजतन्त्रको ठाउँमा समावेशी गणतन्त्र, एकात्मकताको ठाउँमा विकेन्द्रिकरणसहितको सङ्घीय प्रणाली, एकल भाषा, धर्म र संस्कृतिको ठाउँमा बहुभाषिकता, धर्मनिरपेक्षता र प्रगतिशील संस्कृतिको निर्माणलगायतका उपलब्धी प्राप्त गरेका छौँ ।' क्रान्तिले आम जनसमुदायमा शीघ्र परिर्वतनको आकाङ्क्षा जगाइदिएको परिस्थितिमा जनताको आकाङ्क्षाबमोजिम परिवर्तनको बेगलाई बढाउनुपर्ने जिम्मेवारी र चुनौती रहेको बताउँदै प्रधानमन्त्रीले जनआकांक्षा पूरा गर्न कम्युनिस्ट तथा वामपन्थी शक्तिहरूले थप जिम्मेवारीका साथ काम गर्नुपर्नेमा जोड दिए ।

'म यही मञ्चमार्फत् सबै कम्युनिस्ट घटक र नेताहरूमा अपील गर्दछु– साझा मुद्दाहरूमा सहकार्य गर्दै अगाडि बढौँ । वैचारिक प्रश्नहरूमा गहन छलफल गरौँ र समान दृष्टिकोण निर्माणको दिशामा अगाडि बढौँ' प्रधानमन्त्री दाहालले भने, 'इतिहास, हाम्रा स्कुल र पूर्वाग्रहका आधारमा होइन, नेपालमा समाजवादी क्रान्ति पूरा गर्ने सङ्कल्पका साथ खुला हृदयले बहस गरौँ र उचित निष्कर्षमा पुगौँ ।' निरङ्कुता विरोधी योद्धा, श्रमजीवी वर्गप्रति झुकाव उदार प्रजातन्त्रवादी, सिद्धान्तनिष्ठ, सरल तथा मिलनसार, इतिहास, समाजशास्त्र, मानवशास्त्रका ज्ञाता कमरेड पुष्पलालका योगदानहरूको सम्मान गर्दै प्रधानमन्त्री प्रचण्डले क्रान्तिको बाँकी कार्यभार पूरा गर्न सहकार्यका साथ अगाडि बढ्न आग्रह गरे ।रासस

# उपभोक्तामैत्री कानुन आवश्यकः मन्त्री

**पर्वत ।**
कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले खानेपानीसम्बन्धी उपभोक्तामैत्री कानुन आवश्यकता रहेको बताएका छन् ।

गृहजिल्ला पर्वतमा शिवालय खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको १८औँ साधारणसभालाई शनिबार सम्बोधन गर्दै मन्त्री गिरीले उपभोक्तालाई न्यून महसुल लाग्ने गरी ऐन संशोधनको आवश्यकता देखिएको बताए । स्वच्छ खानेपानी पाउनु नागरिकको मौलिक हक भएको बताउँदै उनले सबै नागरिकलाई सहज रूपमा खानेपानीको पुहुँच पुर्याउन सरकार लागिरहेको बताए । उनले पुराना योजनालाई व्यवस्थित गर्नुका साथै नयाँ योजनाहरूलाई विस्तार गरेर हरेक नागरिकको घरघरमा धारा विस्तार गर्ने योजना सरकारले ल्याएको बताए ।

मन्त्री गिरीले खानेपानीका स्रोतहरु सुक्दै जान थालेको अवस्थामा नयाँ स्रोतहरू खोजेर एकीकृत रूपमा आयोजना सञ्चालन गर्नुपर्ने बताए । उनले अहिले पनि नागरिकले खानेपानीका लागि ठूलो धनराशि खर्चिनुपरेको, गरिब समुदायले धारा जडान गर्नै नसक्ने अवस्था आएको बताउँदै यसको अन्त्य गरिनुपर्ने बताए ।

उपभोक्तालाई शून्य लागतमा राज्यले पानी उपलब्ध गराउनुपर्ने बताए । मन्त्री गिरीले सदरमुकाम रहेको कुश्मा नगरपालिकामा बृहद् खानेपानी योजना सञ्चालन गर्न आग्रह गर्दै त्यसका लागि तीनै तहका सरकारबीच साझेदारी गर्न सुझाव दिए । कम्तीमा दुई अर्ब रुपैयाँ बराबरको योजना निर्माण गर्न उनले आग्रह गरे ।

फरक प्रसङ्गमा मन्त्री गिरीले बदमासी गर्ने सहकारी सञ्चालकलाई कारबाहीको दायरमा ल्याउनैपर्ने बताए । ऋण लिएर नतिर्नेहरूलाई जसरी बैंकले कालोसूचीमा राख्छ त्यसैगरी सहकारी ठगहरूलाई पनि कालोसूचीमा राखेर राज्यका सेवासुविधाबाट बञ्चित गर्नुपर्ने उनको भनाइ थियो । सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि आवश्यक कानुन निर्माणको काम अन्तिम चरणमा पुगेको उनले बताए ।

मन्त्री गिरीले मुलुकमा देखिएको अहिले अवस्थामा छिट्टै सुधार हुने बताए । मुलुकको आर्थिक अवस्था विस्तारै लयमा आउँदै गरेको बताउँदै छिट्टै नेपालीहरूले सुखको श्वास फेर्न पाउने दाबीसमेत गरेका छन् । उनले खानेपानीजस्ता पवित्र संस्थामा राजनीति गर्न नहुने बताए । नागरिकलाई खानेपानी उपलब्ध गराउने उद्देश्यले खोलिएका यस्ता संस्थामा सर्वसम्मत रूपमा सक्षम नेतृत्व चयन गर्न उनले आग्रह गरे । कुश्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशीले बढ्दो जनसंख्याको चापसँगै खानेपानीको अभाव पनि थपिँदै जाने बताउँदै नयाँ स्रोतहरू खोजी गरेर नागरिकलाई पानीको सहजता प्रदान गर्न आग्रह गरे । कुश्माबजारमा वितरित पानी स्वच्छ रहेको बताउँदै यसलाई कायम राख्न उनले अनुरोध गरे ।रासस

# उत्पादत्व वृद्धिका निम्ति परम्परागत पद्धति परित्याग गर्न सुझाव

**विराटनगर ।**
'जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि' नाराका साथ २१औँ राष्ट्रिय धान दिवस सुनसरीको गढीगाउँपालिका–३ छिटहामा उत्साहपूर्वक मनाइएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयन एकाइ, मोरङको सहयोगमा स्थानीय चन्द्रोदय कृषि सहकारी संस्था लिमिटेडद्वारा आयोजित कार्यक्रमको महिला, बालिबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले शुभारम्भ गर्दै परम्परागत कृषि पद्धतिबाट उत्पादकत्व बढाउन नसकिने बताइन् । मन्त्री चौधरीले कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणमा जोड दिइन् । साथै उनले आधुनिक खेतीले उत्पादकत्व वृद्धि हुने बताउँदै त्यसतर्फ लाग्न सबै किसानलाई सुझाइन् ।



कोशी प्रदेशसभा सदस्य रामदेव यादवले कृषि क्षेत्रको विकासका लागि सरकारीस्तरमा पर्याप्त लगानी नभएको गुनासो गरे । कोशी प्रदेशको उद्योग,कृषि तथा सहकारी मन्त्रालय सचिव लेखराज दाहालले कृषि क्षेत्रबाट अधिक रोजगारी प्राप्त हुने अधिकभन्दा अधिक क्षेत्रमा खेती गर्नुपर्नेमा जोड दिए । सहकारीका अध्यक्ष सुरेन्द्रप्रसाद मेहताको अध्यक्षतामा भएको सो कार्यक्रममा परियोजना कार्यान्वयन एकाइका प्रमुख मनोज यादवले व्यावसायिक कृषिको माध्यमबाट देशलाई समृद्धिको मार्गमा उन्मुख गराउन सकिने बताए ।

गतवर्ष असार १५ सम्ममा कोशी प्रदेशमा १६ दशमलव नौ प्रतिशत रोपाइँ भएकामा आजसम्म १३ दशमलव ७१ प्रतिशत मात्र रोपाइँ भएको उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रतिनिधि अभिमन्यू अधिकारीले बताए । कोशीका चौध जिल्लामा दुई लाख ७६ हजार तीन सय ८६ हेक्टर जग्गामा धान खेती हुने गरेको जानकारी दिँदै उनले हालसम्म ३७ हजार आठ सय ८० हेक्टर रोपाइँ भएको बताए । कार्यक्रममा दिइएको जानकारीअनुसार झापामा ७५ हजार चार सय ५९, मोरङमा ६९ हजार आठ सय १७ र सुनसरीमा ४८ हजार नौ हेक्टर जग्गामा धान खेती हुने गरेको छ । यसवर्ष यी तीनवटै जिल्लामा क्रमशः ११ दशमलव ३५, १० र ११ प्रतिशत रोपाइँ भएको छ । झापामा सबैधन्दा धेरै ७५ हजार चार सय ५९ हेक्टरमा र सोलुखुम्बुमा सबैभन्दा कम एक हजार दुई सय २५ हेक्टरमा रोपाइँ हुने गरेको छ । यसैबीच राष्ट्रिय धान दिवसकै अवसरमा मोरङको जहदा गाउँपालिकास्थित जिल्ला कृषि ज्ञान केन्द्रको आयोजनामा रोपाइँ कार्यक्रम आयोजना गरिएको थियो ।

# नेकपा एसको दशौँ राष्ट्रिय महाधिवेशन आजदेखि




**काठमाडौँ ।**
नेकपा (एकीकृत समाजवादी) को आसन्न दशौँ राष्ट्रिय महाधिवेशनको तयारी पूरा भएको छ ।

यही असार १६ देखि २० गतेसम्म प्रज्ञा प्रतिष्ठान कमलादीमा आयोजना हुने सो महाधिवेशनमा राजनीतिक प्रतिवेदन, समाजवादी कार्यक्रम, विधानसम्बन्धी र साङ्गठनिक प्रतिवेदनमा छलफल हुने छ ।

महाधिवेशनका बारेमा जानकारी दिन शनिबार आयोजित पत्रकार सम्मेलनमा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आसन्न महाधिवेशनमा प्रस्तुत गरिने आवश्यक दस्तावेज तयार भइसकेको जानकारी दिए । ती दस्तावेज कम्युनिष्ट पार्टीको इतिहासमा नयाँ र जनअधिकारको पक्षमा महत्वपूर्ण हुने उनले विश्वास व्यक्त गरे ।

पत्रकार सम्मेलनमा सम्मानित नेता झलनाथ खनालले महाधिवेशनबाट पारित हुने वैचारिक दृष्टिकोण तथा कार्यक्रमका आधारमा नेतृत्व चयन गरिने जानकारी दिए । उनले नेतृत्वमा सहमति हुन नसके लोकतान्त्रिक पद्धतिबाट प्रक्रिया अगाडि बढाउनुपर्ने बताए ।

महाधिवेशनमा एक हजार आठ सय ४९ प्रतिनिधिले भाग लिनेछन् । ती प्रतिनिधिले दुई सय ९९ सदस्यीय कार्यसमिति तथा २१ पदाधिकारीको चयन गर्ने छ । पार्टी अध्यक्ष नेपालले आइतबार महाधिवेशन उद्घाटन गर्ने कार्यक्रम छ । पार्टी अध्यक्ष नेपालको नेतृत्वमा गठित महाधिवेशन मूल व्यवस्थापन समितिले महाधिवेशनका आवश्यक सबै काम अन्तिम चरणमा पुगेको जनाएको छ । काठमाडौँ उपत्यका बाहिरका प्रतिनिधिहरू आइसकेको जनाइएको छ । महाधिवेशनस्थल आसपासमा उनीहरूलाई आवासको व्यवस्था मिलाइएको छ भने प्रतिनिधिलाई महाधिवेशन स्थलभित्रै खानाको व्यवस्था गरिएको छ । महाधिवेशन स्थललाई आकर्षक बनाउन सिगारिएको छ । करिब तीन वर्षअघि गठन गरिएको पार्टीले आसन्न महाधिवेशनलाई दशौँ राष्ट्रिय महाधिवेशनका रुपमा दाबी गरेको छ । एकीकृत समाजवादीले हालसम्म सम्पन्न भएका नौ अधिवेशनको स्वामित्व लिएर अहिलेको राष्ट्रिय अधिवेशनलाई दशौँ मानेको छ ।रासस

# कृषि उत्पादनलाई पर्यटनसँग जोडौँः मुख्यमन्त्री

**कास्की ।**
गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कृषि उत्पादनलाई पर्यटनसँग जोड्नुपर्नेमा जोड दिएका छन् । एक्काइसौँ धान दिवसका अवसरमा पोखरा पर्यटन परिषद्ले शनिबार पोखरा–२३ को मार्गी फोवाफाँटमा आयोजना गरेको १९औँ असारे रोपाइँ महोत्सव–२०८१ को उद्घाटन गर्दै उनले रैथाने बालीको संरक्षण तथा उत्पादन गर्दै पर्यटकलाई आकर्षित गर्न सके किसानको पनि आयआर्जन बढाउन सकिने धारणा राखे ।

सिँचाइको सुविधा भएका फाँटसमेत बाँझै हुँदा विदेशबाट खाद्यान्न ल्याउनुपर्ने बाध्यता रहेको उल्लेख गर्दै उनले खेतीयोग्य जमिनलाई बाँझो हुन नदिने किसानलाई अनुदान उपलब्ध गराउँदै प्रोत्साहित गर्नुपर्ने बताए । खेतीयोग्य भूमि टुक्राउने कार्यलाई रोक्दै त्यस्ता जग्गामा धानलगायतका बाली लगाउन जरुरी रहेको उनको भनाइ थियो । त्यसअवसरमा किसानले मुख्यमन्त्री पाण्डेलाई जेठो बुढो जातको धान र घ्यू उपहार दिएका थिए । गण्डकी प्रदेश सरकारका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री बिन्दुकुमार थापाले पर्यटनसँग कृषि उत्पादनलाई जोड्न सक्यौँ भने किसानमा समृद्धि आउने धारणा व्यक्त गरे । उनले कृषिमा आधुनिकीकरण जरुरी भएको समेत उल्लेख गरे ।

गण्डकी प्रदेशसभाका सदस्य प्रकाश बरालले प्रत्येक वर्ष हर्पन खोलाले किसानलाई दुःख दिने गरेको उल्लेख गर्दै खोला संरक्षण जरुरी भएको बताए । वर्षामा धान खेतमा खोलाको बाढी पस्दा किसानले दुःख पाउने गरेको उनको भनाइ थियो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले किसानलाई प्रोत्साहन गर्न प्रत्येक वर्ष कास्कीका विभिन्न ठाउँमा परिषद्ले रोपाइँ महोत्सव गर्दै आएको बताए । महोत्सवमा स्थानीय, आन्तरिक तथा विदेशी पर्यटक हिलोमा रमाएका थिए भने सोही अवसरमा हिलेदौड, भलिबल, हिलोमा माछा छोप्ने, डोरी तान्नेलगायतका कार्यक्रम आयोजना गरिएको छ ।रासस

# मनोसामाजिक रणनीतिक कार्ययोजना कार्यन्वयनमा

**सुर्खेत ।**
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले मानसिक स्वास्थ्य उपचारलाई प्रभावकारी बनाउन प्रदेश सरकारले उच्च प्राथमिकता दिएको बताएका छन् । कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयद्वारा आज आयोजित मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना सम्बन्धी छलफलमा उनले पछिल्लो समयमा मानसिक समस्या भएका बिरामी बढ्दै गइरहेको बताए ।

उनले भने, 'बालबालिका, वयस्क, ज्येष्ठ नागरिक सबै मानसिक समस्याबाट पीडित छन् । यसको प्रवर्धनात्मक, निरोधात्मक र प्रचारात्मक कार्यक्रम गर्नुपर्छ ।' मुख्यमन्त्री कँडेलले प्रदेश सरकारले मानसिक स्वास्थ्य समस्यालाई सम्बोधन गर्न मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना तयार गरिसकेको जानकारी दिए । सो सामाजिक विकासमन्त्री वीरबहादुर शाहीले मानसिक स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न बजेट, योजना बनाएको बताए । साथै कार्ययोजना अनुसार नै प्रदेश सरकारले काम गर्ने प्रतिबद्धता जनाए ।

प्रदेशका युवा तथा बालबालिकाको विद्यमान अवस्थाबारे जानकारी गराउँदै मानसिक रोग विशेषज्ञ डा सुशील समदर्शीले पछिल्लो समय कर्णालीका बालबालिकामा पनि मानसिक स्वास्थ्यको समस्या चुनौतीका रूपमा देखापरेको बताए । उनले भने, 'जनचेतनाको अभावले अझै पनि झारफुक र धामीझाँक्रीको भरमा उपचार पर्नुपर्ने अवस्था छ ।'

सिएमसी नेपालका प्राविधिक निर्देशक डा पशुपति महतले कर्णाली प्रदेशले मानसिक स्वास्थ्य समस्या समाधानका लागि पहिलो पटक कार्ययोजना बनाइ न्यूनीकरणका काम गर्न थालेकामा खुसी व्यक्त गरे ।रासस

# बुद्ध एयरले भित्र्यायो एटीआर जहाज

**काठमाडौँ ।**
निजी क्षेत्रको हवाई सेवा प्रदायक कम्पनी बुद्ध एयरले १८औँ एटीआर–७२ जहाज भित्र्याएको छ ।
योसँगै बुद्ध एयरसँग एटीआर–७२ विमानको संख्या १५ पुगेको छ । कम्पनीले कल साइन नाइन एन–एएनजेड विमान फ्रान्सबाट ल्याएको हो । आवश्यक कानुनी प्रक्रिया पूरा गरेर जहाज आगमी साउन १ गतेदेखि व्यावसायिक उडानमा ल्याइने बुद्ध एयरका बजार निर्देशक रुपेश जोशीले जानकारी दिए । उनका अनुसार साउनदेखि सुर्खेत र धनगढीमा अतिरिक्त उडानसँगै अरु गन्तव्यमा पनि विस्तार गरिनेछ ।
बुद्ध एयरसँग १५ थान एयरसँग एटीआर–७२ र तीन थान एटीआर ४२ जहाज रहेका छन् । हवाई उडानलाई सहज र सरल बनाउने प्रतिबद्धता अनुरुप बुद्ध एयरले आफ्नो बेडमा नयाँ जहाज थप गरेको हो ।
बुद्ध एयरका बजार निर्देशक जोशीले सहज भाडासँगै उडान संख्या उल्लेख्य वृद्धि भई यात्रुको उडान सुविधालाई मध्यनजर गर्दै उडान तालिकालाई प्रभावकारी रुपमा सञ्चालन गरिने विश्वास व्यक्त गरे ।
बुद्ध एयरले अहिले आन्तरिकतर्फ एक सय ५० भन्दा बढी उडान भरिरहेको छ । अन्तर्राष्ट्रियतर्फ काठमाडौँबाट भारतको वाराणसीका लागि उडान भर्दैआएको छ । कम्पनीले पोखरा, चितवन, भैरहवा तथा नेपालगञ्जबाट पनि उडान भर्दै आएको छ ।रासस

# कोस्टारिकालाई हराउँदै कोलम्बिया अन्तिम आठमा



**मधेशदृष्टि**
**वीरगंज ।**
कोपा अमेरिका फुटबलमा कोस्टारिकालाई हराउँदै कोलम्बिया क्वाटरफाइनलमा पुगेको छ । शनिबार बिहान एरिजोनामा भएको खेलमा कोलम्बियाले कोस्टारिकालाई तीन गोलले हराउँदै एक खेल अगाडि नै अन्तिम–८ मा पुगेको हो । समूह 'डी'मा कोलम्बिया दुई खेलमा ६ अंकका साथ शीर्ष स्थानमा रहेको छ । कोलम्बियाले खेलको ३१ औं, ५९ औं र ६२ औं मिनेटमा गोल गर्यो । यही समूहको शनिबार भएको अर्को खेलमा ब्राजिलले पाराग्वेलाई ४–१ गोलले हराएको छ ।
ब्राजिलले खेलको पहिलो हाफमा तीन र दोस्रो हाफमा एक गोल गर्यो । पाराग्वे खेलको ८१ औँ मिनेटमा १० खेलाडीमा समेटिएको थियो । जितसँगै ब्राजिल दुई खेलमा चार अङ्कका साथ समूहको दोस्रो स्थानमा छ । एक अङ्क रहेको कोस्टारिका तेस्रो र अङ्कविहिन पाराग्वे पुछारमा छ ।
समूह चरणको अन्तिम खेलमा जुलाई ३ तारिखमा ब्राजिल र कोलम्बिया तथा कोस्टारिका र पाराग्वे खेल्नेछन् । यसअघि साविक विजेता अर्जेन्टिना, भेनेजुएला र उरुग्वे एक खेल बाँकी छँदै क्वाटरफाइनलमा पुगिसकेका छन् । जुलाई ५ तारिखदेखि क्वाटरफाइनलका खेल शुरु हुनेछन् ।

# युद्ध अन्त्य गर्न मस्यौदा तयार पार्दै युक्रेनी राष्ट्रपति

**एएनआई**
**किएभ ।**
युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूससँगको युद्ध अन्त्य गर्न विश्वको बहुमतले समर्थन गर्ने 'व्यापक योजना' तयार गरिरहेको अल जजिराले शनिबार जनाएको छ ।
'विश्वको बहुमतले समर्थन गर्ने युद्ध अन्त्य गर्ने योजना देखाउनु आफ्नो लागि धेरै महत्त्वपूर्ण छ' युक्रेनी राष्ट्रपतिले स्लोभेनियाका राष्ट्रपति नतासा पिरक मुसारसँग शुक्रबार किएभमा आयोजित पत्रकार सम्मेलनमा भने । यो कूटनीतिक मार्ग भएको र यसमा आँफूहरूले काम गरिरहेको बताउदै युक्रेन र रूसबीच हाल कुनै वार्ता भने नभएको उनको स्पष्टोक्ति रहेको छ । युक्रेन र रूसबिच हालसम्म कुनै वार्ता नभएकाले जेलेन्स्की र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको सार्वजनिक बयानका आधारमा सम्भावित शान्ति सम्झौताका शर्तहरूको कुरा गर्दा दुई पक्ष पहिलेभन्दा धेरै टाढा देखिन्छन् ।
शान्ति वार्ता सुरु हुनअघि युक्रेनले बारम्बार क्रिमियाको प्रायद्वीपसहित आफ्नो अन्तर्राष्ट्रिय मान्यता प्राप्त क्षेत्रबाट रूसले आफ्नो सेना फिर्ता लिनुपर्ने बताउँदै आएको छ ।
यद्यपि २०२२ फेब्रुअरीमा युक्रेनमा पूर्ण आक्रमण सुरु गरेका रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनलाई रूसको कब्जामा रहेको आफ्नो पूर्व र दक्षिणको थप क्षेत्र खाली गरेर प्रभावकारी रूपमा आत्मसमर्पण गर्न माग गरेका छन् ।
चालु महिनाको सुरुमा युक्रेनी राष्ट्रपतिले स्विजरल्याण्डमा एउटा अन्तर्राष्ट्रिय शिखर सम्मेलनको आयोजना गरेका थिए । सम्मेलनमा युक्रेनको स्थितिका लागि समर्थन जुटाउन रूसलाई आमन्त्रित गरिएको थिएन ।
स्विजरल्याण्डमा भएको दुई दिने शिखर सम्मेलनमा ९० भन्दा बढी देशहरूले नेता र वरिष्ठ अधिकारीहरू पठाएको र अधिकांशले युक्रेनको 'क्षेत्रीय अखण्डतालाई सम्झौतामा सम्मान गर्नुपर्ने कुरामा जोड दिने अन्तिम विज्ञप्ति जारी गर्न सहमत भएको अल जजिराले जनाएको छ । यसबाहेक, रूसी सेना युक्रेनको क्षेत्रमा बिस्तारै अघि बढिरहेका छन् भने शुक्रबार अर्को अग्रपङ्तीमा रहेको सानो गाउँ कब्जा गरेको दाबी रूसले गरेको छ । मस्कोले हाल युक्रेनको लगभग २५ प्रतिशत स्थान ओगटेको र सन् २०२२ मा चारवटा क्षेत्रहरू कब्जा गरेको दाबी गरेको छ ।
यसअघि बिहीबार ब्रसेल्समा भएको ईयू काउन्सिल शिखर सम्मेलनमा जेलेन्स्कीले युद्ध अन्त्य गर्न केही महिनाभित्र 'विस्तृत योजना' अगाडि राख्ने बताएका थिए । जेलेन्स्कीले सैनिक र नागरिकबिचको उच्च हताहतको कहालीलाग्दो दरलाई औंल्याउँदै द्वन्द्व अन्त्यका लागि आफूहरूसँग धेरै समय नभएको बताए ।

# पटाका कारखानामा विष्फोट हुँदा चार जनाको मृत्यु

**सिन्हा**
**नयाँ दिल्ली ।**
भारतको दक्षिणी राज्य तमिलनाडुको एउटा पटाका कारखानामा शनिबार भएको विस्फोटमा कम्तीमा चार जनाको मृत्यु हुनुका साथै अन्य केही घाइते भएका अधिकारीले बताएका छन् । विस्फोट तमिलनाडुको राजधानी चेन्नईबाट ५५३ किलोमिटर दक्षिणपश्चिममा रहेको विरुधुनगर जिल्लाको सतूर नजिकैको बन्दुवरपट्टी गाउँमा भएको थियो । प्रहरीका अनुसार विस्फोट हुँदा दर्जनौँ व्यक्ति कारखानामा काम गरिरहेका थिए । विस्फोटका कारण कारखानामा आगो लागेको थियो । घटनालगत्तै आगो नियन्त्रणका लागि दमकल तथा उद्धारकर्मी घटनास्थलमा पुगेका थिए । कारखानामा १५ वटा कोठा रहेको अधिकारीहरूले बताएका छन् । यसमध्ये कम्तीमा तीन वटा आगोले पूर्णरूपमा जलेर नष्ट भएका छन् । प्रहरीले विस्फोटको अनुसन्धान सुरू गरेको छ ।

# बेरुजु फछ्र्यौट गर्न तदारुकता देखाइनुपर्छः सभामुख

**काठमाडौँ ।**
सङ्घीय संसद् प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे सरकारी बेरुजु बढ्दै जानु चिन्ताको विषय रहेको बताएका छन् । महालेखापरीक्षकको कार्यालयको ६६औँ वार्षिकोत्सव कार्यक्रममा उनले बेरुजु बढिरहेका विषयलाई सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीले गम्भीर रुपमा लिनुपर्ने बताए । 'प्रत्येक वर्ष बेरुजुको अङ्क बढ्दो रुपमा रहेको छ । सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीले यसलाई गम्भीर रुपमा लिनुपर्छ । सकभर बेरुजु हुनै नपाउनेगरी काम गर्नुपर्छ र हालसम्मको बेरुजुलाई समयमा नै फछ्र्यौट गर्न सबै निकायबाट तदारुकता देखाइनुपर्छ' सभामुख घिमिरेले भने, 'बेरुजु घटाउन महालेखापरीक्षक कार्यालयको प्रतिवेदनमार्फत दिइएका सुझाव कार्यान्वयनगरी आर्थिक अनुशासन पालना र जवाफदेहिता कायम गर्न आग्रह गर्दछु ।' स्थानीय तहमा लेखासमितिको काम प्रभावकारी हुन नसकेको पनि उनले बताए । बेरुजु हुनै नदिने र हालसम्म कायम बेरुजुको फछ्र्यौटलाई तीव्रता दिन पर्याप्त जनशक्ति व्यवस्थापनसँगै सम्बन्धित निकायका प्रमुख तथा लेखा उत्तरदायी अधिकारीले जिम्मेवारी बोध गर्नुपर्ने उनको भनाइ छ । संविधानले तोकेको जिम्मेवारी गम्भीरताका साथ पूरा महालेखापरीक्षकको कार्यालयलाई समेत उनले आग्रह गरे ।
तीनवटै तहका सरकारी निकायको आर्थिक वर्ष २०७९÷८० को लेखापरीक्षणमा आधारित महालेखापरीक्षक कार्यालयको ६१औँ प्रतिवेदनअनुसार हालसम्मको बेरुजु ११ खर्ब ८३ अर्ब २६ करोड रुपैयाँ रहेको छ । गत आर्थिक वर्ष २०७९÷८० मा मात्रै अद्यावधिक बेरुजु ९५ अर्ब ६० करोड २१ लाख रुपैयाँ र कारबाही टुङ्गो लगाउनुपर्ने लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्नेलगायत रकम एक खर्ब ४० अर्ब ९५ करोड ३० लाख रुपैयाँ बराबर पुगेको छ । अर्थात् गत आर्थिक वर्षमा मात्र दुई खर्ब ३६ अर्ब ५५ करोड ५१ लाख रुपैयाँ बराबर बेरुजु थपिएको छ । गत आर्थिक वर्षमा महालेखाले तीनवटै तहका पाँच हजार छ सय पाँच वटा निकायको कूल ७८ खर्ब ८१ अर्ब ८० करोड



रुपैयाँ बराबर लेखापरीक्षण भएको थियो ।
कार्यक्रममा सङ्घीय संसद्, सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न लेखा परीक्षकको कार्यालयले महत्वपूर्ण भूमिका खेलेको जनाउनुहुँदै कार्यालयको काम थप प्रभावकारी रुपमा अघि बढ्न सक्नुपर्ने बताए । 'तीनवटै तहका सरकाराबीच समन्वयकारी भूमिका खेल्नसक्ने निकायका रुपमा पनि महालेखापरीक्षकको कार्यालय रहेको छ । अब हामी निरन्तरतामा रम्ने होइन, यसलाई बदल्नुपर्छ । परिवर्तिन कार्यशैलीले मात्रै प्रभावकारी नतिजा देखाउन सक्छ', सभापति पोखरेलले भने, 'यो संस्थालाई थप स्वायत्त बनाइनुपर्ने र सङ्घीय संरचनाअनुसार आफ्ना काम कारबाही अगाडि बढाउनेगरी लैजानुपर्छ ।' महालेखापरीक्षकको कार्यालयले वार्षिक प्रतिवेदनमार्फत मात्रै सरकारलाई सुझाव दिने नभई आवश्यकताअनुसार अन्यबेला पनि प्रतिवेदन तयार गर्न सक्नुपर्ने र सार्वजनिक पदको पनि छानबिन गर्नसक्नुपर्ने उनको भनाइ छ ।
महालेखापरीक्षकको प्रतिवेदन लामो समयदेखि संसदीय समितिमा छलफल हुन नसकेको सभापति पोखरलेलले बताए । सार्वजनिक लेखा समितिमा अहिले साठीऔँ प्रतिवेदन माथि छलफल भइरहेको उल्लेख गर्दै उनले प्रतिवेदनमाथि समितिमा छलफलमा ढिलाइ हुँदा सुझाव कार्यान्वयन गर्न ढिला हुने र प्रतिवेदनका सुझावको औचित्यसमेत सकिने बताए । अहिले सार्वजनिक निकायका कर्मचारी बेरुजु कायम गर्नेलाई दण्डित गर्नुको साटो भएको बेरुजु कसरी फछ्र्यौट गर्ने भन्नेतर्फ बढी केन्द्रित हुने गरेको उनले बताए । बेरुजु हुनै नदिने र बेरुजु बढेमा सम्बन्धित लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार बनाइनुपर्ने पोखरेलको भनाइ छ ।
महालेखापरीक्षक तोयम रायाले आगामी दिनमा लेखापरीक्षण प्रणालीलाई थप परिस्कृत र प्रभावकारी बनाउँदै लगिने बताए । महालेखापरीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमार्फत औँल्याएका समस्या समाधानका लागि संसद् र संसदीय समितिको महत्वपूर्ण भूमिका रहने उनको भनाइ छ । महालेखापरीक्षक रायाले तीनवटै तहअन्तर्गतका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी लेखापरीक्षण हुने गरेको बताए । वार्षिकोत्सवका अवसरमा उत्कृष्ट हुने कर्मचारीलाई पुरस्कृत गरिएको छ ।रासस

# 'प्रविधि प्रयोग गरेर उत्पादन वृद्धि गरिने'

**चितवन ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले धान बालीमा जलवायुमैत्री प्रविधि प्रयोग गरेर उत्पादन वृद्धि गरिने बताएका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विकास कार्यालय चितवन र बछौली बहुउद्देश्यी कृषक समूह रत्ननगरले संयुक्तरुपमा शनिबार यहाँ आयोजना गरेको २१औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८१ का अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले धानको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न जलवायुमैत्री प्रविधिको अनुसन्धान, विकास र प्रसारमा सरकारको प्राथमिकता रहेको बताए ।



'जलवायु परिवर्तनका कारण धानलगायत बालीमा परेको नकारात्मक असर न्यूनीकरण गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न जलवायुमैत्री प्रविधिको अनुसन्धान, विकास र प्रसार सरकारको प्राथमिकतामा छ', प्रधानमन्त्री दाहालले भने, 'जैविक विविधताको उपयोग गरी पोषणयुक्त उच्च उत्पादन दिने धानका जातको विकास, तथा उत्पादनमा कृषकमैत्री प्रविधिको प्रयोगमार्फत धान बालीको उत्पादन बढाउने रणनीति लिएको छ ।' कृषि क्षेत्रको व्यवसायीकरण र विविधिकरणमार्फत मुलुकमा समृद्धि हासिल गर्न पछिल्लो समयमा कृषि क्षेत्रमा जलवायु परिवर्तन ठूलो चुनौतीको रूपमा देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जलवायुमैत्री प्रविधिको अवलम्वन गरेर उत्पादन वृद्धि गर्न र धान तथा चामलको आयात प्रतिस्थापन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । हरित ग्यास उत्सर्जनमा न्यून भूमिका भए पनि जलवायु परिवर्तनको प्रतिकूल असरको जोखिम उच्च रहेका राष्ट्रमध्ये नेपाल भएको उल्लेख गर्दै उनले जलवायु परिवर्तनका दृष्टिले संवेदनशील र प्रभावित उपक्षेत्रमध्ये नेपालको प्रमुख खाद्यान्न बाली धान भएको बताए ।
'जलवायु परिवर्तनका कारण सृजित सुक्खा–खडेरी, बेमौसमी वर्षा, बाढी–पहिरो, आकस्मिक रोग तथा किराको प्रकोप, तापक्रममा वृद्धिजस्ता नकारात्मक असरमा अनुकूलित हुने धानका जातहरू र उत्पादन प्रविधिहरूको गर्नुपर्छ', प्रधानमन्त्री दाहालले भने, 'उत्पादन बढाएर आयात प्रतिस्थापन गरी धान चामलमा आत्मनिर्भर हुन विशेष योजनाका साथ क्रियाशील हुनैपर्छ ।' धानबाली देशको रणनीतिक बाली भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले तीनवटै तहको सरकारलाई नेपाल सरकारले लिएका नीतिहरूको सफल कार्यान्वयनका लागि आह्वान गरे । परनिर्भरता र व्यापार असन्तुलनलाई कम गर्न र राष्ट्रियस्तरमा धानको उत्पादन बढाउन वर्तमान सरकारले रासायनिक मल र गुणस्तरीय बीउको उपलब्धता, प्रविधि विस्तार, अनुसन्धान र विकास तथा न्यूनतम समर्थन मूल्यको कार्यान्वयनलाई प्राथमिकता दिएको उहाँले स्पष्ट पारे ।
दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता र कृषि विकास रणनीतिको कार्यान्वयनमार्फत खाद्य पोषण सुरक्षाको अवस्थामा सुधार ल्याउने राष्ट्रिय प्रतिबद्धता रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रमुख खाद्यान्न बालीको उत्पादन तथा उपलब्धतामा वृद्धि, वितरण प्रणालीमा सुधार र खाद्यान्नको उचित उपयोगमार्फत खाद्यान्नमा आत्मनिर्भरता र दीगो खाद्य तथा पोषण सुरक्षा कायम गरिने बताए । प्रधानमन्त्री दाहालले 'जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि' नाराका साथ मनाउन लागिएको २१औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८१ का अवसरमा धान बालीको उत्पादन र उत्पादकत्व वृद्धिमार्फत समृद्ध अर्थतन्त्र निर्माणमा सबैको ठोस योगदान रहने विश्वास व्यक्त गरे । कार्यक्रममा कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले यान्त्रीकीकरण र आधुनिकीकरणको हिसाबले एकताको भाव झल्कने गरी मन्त्रालयले काम अघि बढाएको बताइन् । कृषि मन्त्रालयको टोली कृषि क्षेत्रको विकासमा अहोरात्र लागिपरेको बताइन् । कृषकलाई सम्मान गर्ने गरी मन्त्रालयले काम गर्ने उनको भनाइ थियो । सरकारले उत्पादनमा जोड दिँदै उत्पादन र बजारीकरणका लागि काम गर्ने उनले बताइन् । मन्त्री साहले भनिन्, 'धान रोप्नका लागि आवश्यक पर्ने मल पर्याप्त मात्रामा उपलब्ध गराउन सरकार लागिपरेको छ ।' वितरण प्रणालिमा देखिएको समस्या समाधान गर्दै अघि बढ्ने उनको भनाइ थियो ।
बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले चितवनलाई बीउ उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गरिने बताए । प्रदेशले एक वडा, एक पकेट क्षेत्र कार्यक्रम सञ्चालनमा ल्याएकाले अबको पाँच वर्षमा उत्पादनमा आत्मनिर्भर बन्ने गरी काम अघि बढाएको बताए । कार्यक्रममा कृषि विभागका महानिर्देशक नरहरिप्रसाद घिमिरेले प्रविधिको प्रयोग गरेर कृषि कर्म गर्दा उत्पादन बढाउन र लागत घटनाउन सहयोग पुग्ने बताए । कार्यक्रममा सांसद हरि ढकाल, बागमती प्रदेशसभा सदस्य उत्तम जोशी, ठाकुर ढकाल र ईश्वर सापकोटा, रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटालगायतको उपस्थिति रहेको थियो ।रासस

# खेती धान्ने महिला किसानलाई छैन प्रोत्साहन



**मधु शाही**
**काठमाडौँ ।**
गङ्गा बुढाथोकी उमेरले पाँच दशक पार गरिन् । उनको जीविकोपार्जनको मुख्य आधार नै कृषि हो । श्रीमान हुँदासम्म खेतमा सहयोग हुन्थ्यो । भक्तपुरस्थित चाँगुनारायण नगरपालिका–९ की गङ्गालाई एकल भएपछि पनि एक्लै खेती सम्हाल्नुपरेको छ ।
'छोराछोरी विदेशमै रमाउछन्', उनले भनिन्, 'श्रीमान हुनुहुन्न, खेती मैले नै धान्नुबाहेक अरु उपाय छैन ।' गङ्गाको खेती आकासेपानीमा निर्भर छ । खनजोत गर्नको लागि अरुसँगै हारगुहार गर्नुपर्छ । एउटा हाते मेसिन मात्रै भइदिएको भए पनि उनले आफ्नै बलमा खेती उतार्न सजिलो हुने बताउँछन् । वडा र नगपालिकामा मेसिन माग्न जाँदा खासै चासोले नलिने गरेको उनको अनुभव छ । ताथलीका महिला किसान समूहकी अध्यक्ष सत्यरुपा बुढाथोकी पनि महिला किसानलाई एउटा ट्रयाक्टरको सुविधा भए खेती गर्न सहज हुने बताउँछिन् । खेती खन्ने युवा गाउँ डुल्दा पनि भेटिँदैनन् । कतिपय महिलाले ट्रयाक्टर र हातेमेसिन चलाउन जान्दैनन् । ट्रयाक्टर र हातेमेसिन चलाउने सीप नहुँदा कुटो कोदालोले खेत खन्नु पर्ने विडम्बना रहेको उनले सुनाइन् ।
ललितपुर गोदावरी नगरपालिका–१३ का ४० वर्षिया कृषक गीता थापाको अवस्था पनि उस्तै छ । विदेश गएका श्रीमानको खर्चमा खेती किसानी गर्दै आएको उनी बताउँछिन् । सिँचाइ सुविधा नहुँदा उनीहरुले कोदालोले खनेरै खेती गर्नुपर्छ । कोदालोको भरमा काम गर्नुपर्दा खेताला धेरै आवश्यक पर्ने भएकाले खर्च पनि उत्तिकै बढ्ने उनको भनाइ छ । आकासको पानी पखाई गर्दागर्दै उनले कोदालोले नै खनेर खेत रोपाइँका लागि तयार पारेका छन् । 'धान रोप्न खानेपानी किनेर सिँचाइ गर्नुपर्छ, आर्थिक अभावले गर्दा आकासकै भरमा छु', उनले भने, 'हाम्रो सबैभन्दा ठूलो समस्या सिँचाइ नै हो ।' बिहानदेखि बेलुकासम्म खेत खन्दा समय र शरीर दुवै खियानुपर्ने बाध्यतामा यहाँका महिला किसानले खेती गर्दै आएकी छन् । 'सानो हाते मेसिन र ट्रयाक्टर भइदिए हातभरि फोका उठाउनु पर्दैनथ्यो', गीताले भनिन्, 'गाउँमै कसैको घरमा पनि मेसिन र औजार नहुँदा हातैको भर खेती गर्दै आएका छौँ ।'
राष्ट्रिय महिला किसान महासङ्घका अध्यक्ष गङ्गालक्ष्मी अवालेले कृषिमा महिलाको योगदान जति छ, त्यति राज्यले न्यायोचित व्यवहार नगरेको बताइन् । अनुदानमा आउने राज्यको सुविधाबाट महिला किसान वञ्चित छन् । पढेलेखेका र टाठाबाठा पुरुषले नै किसानको नाममा अवसर पाएको उनको बुझाइ छ । अनुदानमा आएका कुनै पनि सुविधाबाट महिलाले सहजै पाउने स्थिति नहरेको अवालले बताइन् । 'महासङ्घले यस्ता महिला किसानलाई कृषिको पहुँचसम्म पु¥याउन मद्दत गर्दै आएको छ', उनी भन्छिन्, हाँ भन्नुहुन्छ, 'तर, स्थानीय सरकारले समेत यस्ता महिला किसानलाई प्राथमिकतामा पारेको देखिंदैन ।' उनका अनुसार राज्यले वास्तविक किसानको पहिचान गर्न घरदैलो र खेतमै पुग्नुपर्छ । कृषिविद् योगेन्द्रकुमार कार्कीले किसानमा लैङ्गिक संवेदनशीता नहुँदा सबैभन्दा बढी मर्कामा महिला किसान परेको बताए । 'विगतमा जसरी पुरुषले खेती गर्थे अबको स्थिति त्यस्तो छैन', उनले भने, 'घरका श्रीमान र छोराहरु कमाइ गर्न विदेसिने र घरमै बस्ने महिलाले खेती सम्हाल्नु पर्ने अवस्था छ ।' महिलामैत्री खेती औजार नहुनु, अनुदानमा महिलालाई सहज पहुँच नपुग्नु, आर्थिक अभावका कारण खेती गर्न चुनौती खेप्नुलगायतका समस्या महिला किसानले भोग्दै आएको उनले बताए ।
कृषि सचिव हुँदा बखत महिला किसानको पक्षमा कार्यक्रम ल्याउनु पर्नेमा जोड दिंदै आए पनि अहिलेसम्म यसको गम्भीरता नदेखिएको कार्कीले सुनाए । 'अहिले खेतीपातीको अधिकांश काम महिलाले नै धानेका छन्', उनले भने, 'हाम्रा कृषि नीतिमा कहीँ कतै महिलामैत्री न त शब्द छ, न योजना ।' उनी अब कृषि नीति २००४ मा संशोधन गरी महिला किसानमैत्री बनाउन जरुरी ठान्नछन् । 'तालिमहरु पनि श्रीमानले नै लिने गर्छन्', उनले भने, 'प्राङ्गारिक मल बनाउन महिलाको संख्या अधिक छ तर उहाँहरुलाई प्रशिक्षण र प्रोत्साहनको अभाव छ ।'
स्वच्छ ऊर्जा नेपाल, खाद्यका लागि कृषि अभियान र अक्सफामले २०७१ मा गरेको 'महिला किसान चुनौती र अवसर' अनुसन्धानमा महिला किसानमैत्री नीति नबन्दा धेरै महिला किसान अन्यायमा परेको निश्कर्ष निकालेको थियो । अनुसन्धानमा उल्लेख भएअनुसार महिला किसानको लागि भनेर सरकारले २०१३ सालमा योजनाबद्ध आर्थिक विकासको सुरुवात गरेको थियो । राज्यको छैँठौ योजनामा पहिलोपटक 'थप कृषि कार्यक्रम गरी महिला कृषकको सहभागिता बढाउने' बाक्य समावेश भएको थियो । त्यसपछिका योजनाहरुमा विस्तारै महिला किसानका शब्द हराउँदै गए । आर्थिक वर्ष २०४९÷५० मा कृषि तथा सहकारी मन्त्रालयले 'महिला कृषक विकास महाशाखा' गठन गरेको थियो । यो नै पहिलोपटक महिला किसानलाई प्राथमिकतामा राखेर बनाईको महाशाखा थियो । बाली एवम् पशुजन्य उत्पादनमा महिला कृषकको संलग्नता, उत्पादन सामग्रीहरुमा उनीहरुको पहुँचजस्ता विषयमा अध्ययनसमेत गर्दै आएको थियो । यसैका आधारमा महिला कृषक विकास कार्यक्रमको पाँचवर्षे कार्ययोजना समेत तयार भयो । यसलाई कार्यान्वयन गर्न आठौँ पञ्चवर्षीय योजनाले नीतिगत व्यवस्था समेत ग¥यो । यसअनुसार मन्त्रालयअन्तर्गतका केन्द्रीय स्तर एवम् जिल्लास्तरीय निकायहरु सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुमा महिला सहभागिता बृद्धि गर्ने व्यवस्था मिलाइयो । यसैको निरन्तरतास्वरुप नवौँ योजनाले कुनै पनि कृषि विकासका कार्यक्रमहरुमा कम्तिमा ३५ प्रतिशत महिला कृषकको सहभागिता हुनैपर्ने मापदण्ड तोकेको छ । लैङ्गिक अवधारणा विषयक गोष्ठी, विभिन्न तालिममा तोकिएको यस्तो प्रतिशतले महिला किसानको अनिवार्य अस्तित्व स्वीकार गर्नु राम्रो पक्ष हो, भलै ८९ प्रतिशत महिला कृषि क्षेत्रमा लागेका हिसाबले हेर्दा यो उचित प्रतिशत भने थिएन । कृषि तथा सहकारी मन्त्रालयले २०६१ मा महिला कृषक विकास महाशाखालाई लैङ्गिक समता तथा वातावरण महाशाखामा रुपान्तरण ग¥यो । २०७० सालमा आएर यसको नाम फेरिएर खाद्य सुरक्षा तथा वातावरण महाशाखा भयो । महिला किसान शब्द हरायो ।
कृषि तथा सहकारी मन्त्रालयकै २०११ को तथ्याङ्कअनुसार कम्पोष्ट मल हाल्नेमा ९६ प्रतिशत महिला सहभागी हुन्छन् भने सिँचाइमा उनीहरुको भुमिका ५० प्रतिशत हुन्छ । त्यसैगर गोडमेलमा महिला किसानको भूमिका ७० प्रतिशत हुन्छ भने बाली भित्र्याउनेमा ६३ प्रतिशत हुन्छ । आइफाडका अनुसार कृषि श्रममा ६० प्रतिशतभन्दा बढी महिला संलग्न छन् तर उत्पादन प्रविधि र तालिममा भने उनीहरुको पहँुच न्यून भएको उल्लेख छ । नवौँ पञ्चवर्षीय योजनाले कृषिसम्बन्धी सबै कार्यक्रममा महिला सहभागितामा कम्तिमा ३५ प्रतिशत हुनैपर्ने तोकेको थियो । यद्यपि व्यवहारमा सन्तोषजनक उपस्थिति नरहेको अनुसन्धानले खुलाएको छ ।
राष्ट्रिय योजना आयोगका सदस्य डा. संगीता सिंह किसान र महिला किसानलाई समग्र रुपमा बुझ्न नमिल्ने बताउँछिन् । किसान महिला अरुभन्दा केही फरक छन् । उनीहरुको शारीरिक बनावट र साक्षरताका कारण पनि बढी महत्वका साथ कृषि कार्यक्रम ल्याउनु पर्ने उनले महशुस गरेकी छन् । यद्यपि राष्ट्रिय योजनाका कार्यक्रममा महिला किसान नै भनेर शिर्षकगत कुनै बजेट छैन । 'समग्रमा किसानलाई महिला किसानमा मिसाउनु न्यायोचित हुन्छ भन्ने मलाई लाग्दैन', उनले भने, 'मन्त्रालयअन्तर्गत कार्यक्रममा महिला किसान लक्षित कार्यक्रमहरु बनाउन सकिन्छ, जुन जरुरी पनि छ ।' उनले महिला किसानको प्राथमिकतामा राज्यले नीति बनाउन चुकेको बताउदै प्राथमिकता मूल्याङकन गरेर किसान महिला प्रोत्साहन गर्नुपर्ने बताइन् ।
कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले देशका अधिकांश किसान महिला नै भएको स्वीकार गरिन् । मन्त्रालयले किसान कार्ड बनाएर महिला र पुरुष किसानको आवश्यकताअनुसार प्रोत्साहनका कार्यक्रम ल्याउने उनले बताइन् । 'मैले गर्ने हरेक कार्यनीतिमा महिला किसान प्राथमिकतामा पर्छन्', उनले भनिन्, 'त्यसै अनुरुप कार्ययोजना बनाएको छु । महिलामैत्री प्रविधि ल्याउन पहल गर्नेछु ।'

# पचास प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा



**काठमाडौँ ।**
कृषि तथा पशुपक्षी मन्त्रालयका अनुसार झन्डै ५० प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा हुने गरेको छ । सबै क्षेत्रमा सिँचाइको सुविधा नहुँदा किसान रोपाइँ गर्न आकाशे पानीकै भर पर्नुपरेको हो । रोपाइँ गर्न किसान कहिले आकाशे पानी पर्ला भनेर कुर्नुपर्ने अवस्था यथावत छ । कृषि मन्त्रालयको तथ्याङ्कअनुसार यस वर्ष देशभर ९ दशमलव ८ प्रतिशत मात्रै धान रोपाइँ भएको छ । गत वर्ष असार १५ गतेसम्म करिब ८ दशमलव ७५ प्रतिशत मात्र धान रोपाइँ भएको थियो । कृषि मन्त्रालयका सूचना अधिकृत महानन्द जोशी यस वर्ष मनसुन छिटो भित्रिए पनि ढिलो सक्रिय हुँदा धान रोपाइँ सन्तोषजनक नरहेको बताउँछन् । 'हालसम्म अधिकांश सिँचाइ सुविधा पुगेका क्षेत्रमा मात्रै धान रोपाइँ भएको छ', उनले भने, 'कतिपय स्थानमा राम्रोसँग वर्षा भएको छैन, कहिले वर्षा होला र धान रोपौँला भनेर किसान पर्खाइमा छन् ।' मन्त्रालयको तथ्याङ्कअनुसार कोशी प्रदेशमा असार १२ गते सम्ममा धान रोपाइँ ५ दशमलव ६ प्रतिशत भएको छ । सो प्रदेशमा गत वर्ष असार १० गतेसम्म ६ दशमलव ५ प्रतिशत धान रोपाइँ भएको थियो । पूर्वी क्षेत्रमा ढिलो गरी धान रोप्ने गरिन्छ । मधेश प्रदेशमा भने गत वर्ष र यस वर्ष बराबर नै रोपाइँ भएको पाइएको छ । सो प्रदेशमा यस वर्ष २ दशमलव ५ प्रतिशत मात्रै धान रोपाइँ भएको तथ्याङ्क छ । गत वर्ष सोही अवधिमा २ दशमलव ५ प्रतिशत नै रोपाइँ भएको थियो । यसैगरी बागमती प्रदेशमा यस वर्ष ५ प्रतिशत मात्रै रोपाइँ भएको छ । गत वर्ष सो प्रदेशमा १८ दशमलव ३ प्रतिशत रोपाइँ भएको थियो । गण्डकी प्रदेशमा गत वर्ष यही समयमा ६ दशमलव ९ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ८ दशमलव ३ प्रतिशत रोपाइँ भएको छ । यसैगरी लुम्बिनी प्रदेशमा यस वर्ष अघिल्लो वर्षको तुलनामा कम रोपाइँ भएको छ । गत वर्ष लुम्बिनी प्रदेशमा १० दशमलव ९ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ८ दशमलव ८ प्रतिशत रोपाइँ भएको छ । कर्णाली प्रदेशमा गत वर्ष २२ दशमलव ६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष २३ दशमलव ९ प्रशित रोपाइँ भएको छ । सुदूरपश्चिममा गत वर्ष २२ दशमलव ६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष हालसम्म २५ प्रतिशत रोपाइँ भएको छ । सुदूरपश्चिममा अन्य प्रदेशभन्दा चाँडो रोपाइँ सुरु हुने भएकाले अन्य प्रदेशको तुलनामा बढी रोपाइँ भएको सूचना अधिकृत जोशीको भनाइ छ ।
सूचना अधिकृत जोशीका अनुसार साउन महिनाको अन्तिमसम्म ९० प्रतिशत रोपाइँ सम्पन्न हुने प्रक्षेपण गरिएको छ । 'मुलुकको सबै क्षेत्रमा सिँचाइ सुविधा पुग्न सकेको छैन, तसर्थ कृषि मन्त्रालयले सिँचाइ कुलो विस्तार गरेर धान रोपाइँलाई प्रवद्र्धन गर्दैछ', उनले भने, 'कहिले खडेरीले धानको बीउ सुक्ने, कहिले पानी नपर्दा सिँचाइ गर्न नसकिने जस्ता समस्याका कारण धान उत्पादन वृद्धिमा ह्रास आउने गर्छ ।' राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक मधुरा यादवले धान उत्पादन वृद्धिका लागि मुलुकका सबै क्षेत्रमा सिँचाइ सुविधा पुग्न आवश्यक रहेको बताए । सबै स्थानमा सिँचाइ सुविधा पुग्न नसक्दा कहिले रोपाइँ नै नहुने कहिले ढिलाइ हुने त कहिले बीउ नै राख्न नपाउने अवस्था छ, रोपाइँपछि पनि सिँचाइको सुविधा नहुँदा धान उत्पादनमा कमी आएको छ', उनले भने, 'मुलुकको शतप्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पु¥याउन सके धान उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापन गर्न सकिन्छ ।' मन्त्रालयका अनुसार आव २०८०÷८१ को जेठ मसान्तसम्ममा ८८ करोड ६५ लाख रुपैयाँ बराबरको धानको बीउ आयात गरिएको छ । सो अवधिमा करिब ११ अर्ब ५५ करोड रुपैयाँको धान आयात गरिएको छ । सो अवधिमा आठ अर्ब ६९ करोड रुपैयाँ बराबरको चामल तथा नौ लाख २० हजार मूल्य बराबरको कनिका आयात भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार यस वर्ष तीन दिनअगावै मुलुकको पूर्वी क्षेत्रबाट मनसुन सुरु भएको थियो । सामान्यतया जुन १३ तारिखदेखि मनसुन नेपाल भित्रिने गरे पनि यस वर्ष जुन १० तारिखमा नै मनसुन भित्रिएको थियो । विभागका अनुसार मुलुकभर मनसुन फैलिन भने समय लागेको थियो । यस वर्ष जुन २३ तारिखमा मात्रै मुलुकभर मनसुन फैलिएको हो । मनसुन छिटो फैलिए पनि धान रोपाइँ सन्तोषजनक नभएको कृषि मन्त्रालयले जनाएको छ ।
यस वर्षको मनसुन अवधिमा मुलुकभर औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको छ । विभागका अनुसार सुदूरपश्चिम प्रदेशको उत्तर–पश्चिमी भूभाग, बागमती प्रदेशको दक्षिण–पूर्वी भूभाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्यपश्चिमी भूभागमा सरदर नै वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ । देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत छ ।
मौसम पूर्वानुमान महाशाखाका मौसमविद् प्रतिमा मानन्धरले मनसुन सक्रिय रहने र आइतबारसम्म मुलुकको विभिन्न स्थानमा वर्षाको सम्भावना छ । आगामी केही दिनमा मनसुनको न्यून चापीय रेखा पूर्णरूपमा विकसित भई सरदर स्थानभन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहने र यसका कारण आगामी केही दिन नेपालमा मनसुन थप सक्रिय हुने सम्भावना रहेको उनको भनाइ छ ।
'आइतबारसम्म देशभर साधारणदेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । साथै गण्डकी प्रदेशका केही स्थानमा, कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा मधेश र कर्णाली प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन÷चट्याङसहित भारी वर्षाको सम्भावना छ । गण्डकी र लुम्बिनी प्रदेशको एक–दुई स्थानमा भारी वर्षाको सम्भावना छ', मौसमविद् मानन्धरले भने । जलस्रोत तथा सिँचाइ विभागको तथ्याङ्कअनुसार करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइको संरचना निर्माण गरिएको छ । तर करिब एक तिहाइ भूमिमा मात्र वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुन सकेको विभागद्वारा २०८० चैतमा प्रकाशित 'जलस्रोत तथा सिँचाइ वार्षिक पुस्तिक'मा उल्लेख छ । 'हाल ठूला बहुउद्देश्यीय अन्तर–जलाधार जल–पथान्तरणका केही आयोजना निर्माणका क्रममा छन् । केही निर्माणको तयारीका क्रममा छन् । करिब ५० प्रतिशत सिर्जित कृषि क्षेत्र किसानद्वारा व्यवस्थित सिँचाइ प्रणालीमा रहेका छन्', सो पुस्तकमा उल्लेख छ । निर्माण सम्पन्न भइसकेका साना आयोजना जलउपभोक्तालाई हस्तान्तरण गर्ने नीतिबमोजिम सम्बन्धित जनउपभोक्तालाई हस्तान्तरण गरिएका छन् र सम्बद्ध संस्थाबाट सञ्चालन भइरहेका पनि छन् । मझौला तथा ठूला सिँचाइ आयोजना भने सरकार तथा जलउपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनको अवधारणाअनुरूप सञ्चालनमा छन् ।

## धान उत्पादनको अवस्था

कृषि मन्त्रालयको तथ्याङ्कअनुसार चालु आवमा धानको कूल उत्पादन गत आवभन्दा ४ दशमलव ३३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिक टन पुगेको छ । जुन विगत चार वर्षको औषत उत्पादनको तुलनामा ५ दशमलव ०८ प्रतिशतले बढी हो । कूल धानबाली भित्र्याइएको क्षेत्रफल गत आवको तुलनामा शून्य दशमलव ६१ अर्थात् आठ हजार आठ सय हेक्टरले कमी भई १४ लाख ३८ हजार नौ सय ८९ हेक्टर कायम हुन पुगेको छ । यो क्षेत्रफल गत चार आवको औषत क्षेत्रफलको तुलनामा एक दशमलव ७३ प्रतिशतले कम हो । धानबालीको औषत उत्पादकत्व गत आवको तुलनामा ४ दशमलव ९७ प्रतिशतले वद्धि भई ३ दशमलव ९८ मेट्रिक टन प्रतिहेक्टर पुगेको छ । यो गत चार वर्षको औषत उत्पादकत्वभन्दा ६ दशमलव ९२ प्रतिशतले बढी हो ।
चालु आवमा धानको उत्पादन कोशी प्रदेशमा बढी रहेको छ भने कर्णाली प्रदेशमा न्यून छ । चालु आवमा उत्पादकत्वतर्फ कोशी प्रदेश ४ दशमलव ४३ मेट्रिक टन प्रतिहेक्टरसहित अग्र स्थानमा रहन गयो भने मधेस प्रदेश ३ दशमलव ४९ मेट्रिक टन प्रतिहेक्टरमा सीमित भई न्यून स्थानमा रहन पुग्यो । गत आवको तुलनामा उत्पादन र उत्पादकत्व वृद्धिका हिसाबले लुम्बिनी प्रदेश अग्रस्थानमा छ । मधेश प्रदेश ऋणात्मक अवस्थामा छ । चालु आवमा धान उत्पादन वृद्धि हुनुमा बीउको सहजै उपलब्धता र रोग किराको प्रकोपमा कमी, बाढीपहिरोबाट धान बालीमा पर्न जाने नकारात्मक असरमा कमी, मलखादको उपलब्धतामा आएको सुधार, कृषि औजार र प्रविधिको प्रयोग तथा मौसमी अनुकूलतालाई लिइएको छ । मधेश प्रदेशका केही जिल्लामा धान रोप्ने समयमा पर्याप्त वर्षा नभएकाले अरु प्रदेशको तुलनामा उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ । रासस

# वास्तविक किसान पहिचान गर्छौं: कृषिमन्त्री

*राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक वर्ष २०७९÷८० अनुसार राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४ दशमलव ६ प्रतिशत छ । मुलुकलाई कृषि उत्पादनमा जोड दिन सरकारले पनि हरदम प्रयास गरिरहेको छ । सरकारले आगामी आर्थिक बजेटमा कृषि लगानी दशक मनाउने घोषणासमेत गरेको छ । कृषि क्षेत्रलाई उकास्न सरकारका अन्य भावी योजना के के छन् ? धान दिवसलाई प्रचारबाजी नभई अर्थपूर्ण बनाउन सरकारले कस्ता कार्यक्रम बनाउँदैछ ? कृषि क्षेत्रका विभिन्न आयामबारे कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहसँग राससका आलेख प्रमुख कृष्ण अधिकारी र उपसम्पादक मधु शाहीले गरेको कुराकानीः*



**राष्ट्रिय धान दिवस प्रत्येक वर्ष मनाइन्छ । यसपटक कसरी मनाउँदै हुनुहुन्छ ?**
विगतभन्दा फरक तरिकाले धान दिवस मनाउँदैछौँ । यो पटक काठमाडौँ बाहिर चितवनमा मनाउने तयारीमा छौँ । धान रोप्नकै लागि मात्रै होइन, उत्पादनमै जोड दिने गरी यो दिवस मनाउँदैछौँ । सौराहाको बच्छौलीमा धान दिवस मनाउन जाँदैछौँ । प्रधानमन्त्रीको उपस्थितिमा औपचारिक कार्यक्रम हुनेछ तर हामीहरु चाहीँ एक हेक्टर खेतमा धान पूरै रोपेर मात्रै फर्किनेछौँ । यसपटक विगतमा भन्दा अलि फरक ढङ्गले धान दिवस मनाउँदैछौँ ।

**यस्तो नौलो शैलीमा धान दिवस मनाउनुको तात्पर्य के थियो होला ?**
विगतमा कसैले गमलामा रोपाइँ गर्ने, कसैले सामाजिक सञ्जालमा धान रोपाइँ त कसैले सेल्फीको लागि धान रोप्ने भन्दै धान दिवसलाई हलुको बताउने गरियो । यसले जनस्तरमा धान दिवस विकृतिको रुपमा देखिएको छ । साथै यसले गर्दा वास्तविक किसानलाई हिनताबोध भएको छ । सामाजिक सञ्जालमा तस्बिर राखेर चर्चा कमाउन धान दिवस मनाएको आलोचना सुन्दै आएको छु र देखेको पनि छु । म यस्तो प्रवृत्तिलाई चिर्नको लागि र व्यावहारिक कृषि भाव जागृत गराउन मन्त्रालयले केही उपलब्धिमूलक काम गर्नुपर्छ भन्ने लाग्यो । पूरै खेत धान रोपेर फर्किने भनेको मन्त्रालयले कृषिमा गम्भीर छ भन्ने अनुभूति गराउनु पनि हो । साथै, कृषिमा सकारात्मक हौसला प्रदान गर्ने प्रचारप्रसार गर्न पनि खोजिएको हो ।

**अहिले मुलुकको कृषिको अवस्था कस्तो पाउनुहुन्छ ?**
विगतभन्दा अहिले धान उत्पादनमा वृद्धि आएको छ । धान उत्पादन अहिले करिब ४ दशमलव ३३ प्रतिशतले बढी वृद्धि भएको छ भने गत चार वर्षको औसत उत्पादनको तुलनामा ५ दशमलव ०८ प्रतिशतले बढी हो । वर्तमान अवस्थामा १४ लाख ३८ हजार नौ सय ८९ हेक्टर जमिनमा धान उत्पादन गर्दै आएका छौँ । त्यसैगरी ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिक टन धान उत्पादन भइहरको छ । अब हामीलाई लगभग पाँच लाख ८० हजार मेट्रिक टन चामल अपुग भएकाले आयात भइरहेको छ । यो अपुग चामलको पूर्ति गर्नको लागि मन्त्रालयले चैते धान उत्पादनमा जोड दिन थालेको छ । हाइब्रेड जातका धानका बीउ खोज्ने र पानी नहुने खेतमा सिँचाइ उपलब्ध गराउने र जहाँ सुक्खा छ, त्यहाँ पनि खेती गर्ने उपयुक्त वातावरण मिलाइदिने योजना छ । त्यस्तो कृषि क्षेत्र कहाँ कहाँ छन्, अनुसन्धान गरिरहेका छौँ ।

**सरकारबाट कृषकलाई उपलब्ध गराएको अनुदान वा अन्य सुविधाबाट अहिले पनि वास्तविक किसान वञ्चित छन् । यसबारे मन्त्रालयले कसरी सोचेको छ ?**
सरकारले कृषि क्षेत्रको विकासका लागि किसान लक्षित विभिन्न अनुदान र सुविधा प्रदान गरेको छ तर त्यस्ता अनुदान वा सुविधाहरु वास्तविक किसानको पहुँचमा नपुगेको भन्ने सरकारलाई पनि लागेको छ । यस्तो हुनुमा वास्तविक किसानको पहिचान नहुनाले समस्या निम्त्याएको हो । को किसान हो र उसले कस्तो खाले अनुदान पाउनुपर्छ भन्ने खोजी गर्नु जरुरी छ । मन्त्रालयले यस विषयमा पनि गृहकार्य सुरु गर्दैछ ।

**मन्त्रालयले वास्तविक किसानको पहिचान कसरी गर्दैछ त ?**
वास्तविक किसान को हुन् ? भन्ने पहिचान नहुँदासम्म अनुदान सदुपयोग हुन सक्दैन भन्ने मैले अनुभव गरेको छु । मन्त्रालयले केही महिनाभित्रै प्रत्येक वास्तविक किसानको खोजी गर्छ र उनीहरुलाई किसान कार्ड वितरण गर्ने गृहकार्य गरिरहेको छ । किसान कार्ड पाएपछि उनीहरुले पाउनुपर्ने अधिकार निर्धक्करुपमा पाउन सक्छन् र दुरुपयोग हुने सम्भावना निकै कम हुन्छ । हरेक पालिकामा कृषि मन्त्रालयको तर्फबाट सबैभन्दा द्रुत गतिमा अनलाइनमार्फत किसान रकेर्ड वितरण गरिनेछ । आगामी नौ महिनाभित्र किसानको हातहातमा कार्ड पु¥याउने हाम्रो लक्ष्य छ ।

**कृषिमा आमूल परिवर्तन ल्याउने तपाईको योजनालाई साकार पार्ने स्रोत पर्याप्त छ त ?**
कृषिमा मल, सिँचाइ, बीउ, अनुदानलगायतको समस्या किसानले भोग्दै आएका छन् । हामीसँग पर्याप्त बजेट छैन । मन्त्रालयको कूल बजेटको ५० प्रतिशत रकमअर्थात् रु ३० अर्ब त रासायनिक मलकै लागि छुट्याइएको छ । केही प्रतिशत रकम प्रशासन चलाउन जान्छ भने बाँकी रु १२ अर्ब बजेटभित्र रहेर मन्त्रालयले किसान लक्षित कार्यक्रम गर्नुपर्नेछ । यो पर्याप्त होइन । त्यसैले प्रचारप्रसार, तालिम, अभिमुखीकरणजस्तो कार्य गर्न बजेट सीमित छ । कृषि मन्त्रालयलाई सरकारले नै कम महत्वको रुपमा लिएको छ । आम जनताको पेट पाल्ने कृषि मन्त्रालय बजेटमा खुम्चिनु न्यायोचित होइन तर पनि जे जति स्रोत छ, मन्त्रालयले उपलब्धिमूलक कार्य सम्पादन गर्न सक्रिय छ ।

**स्रोत कम हुँदा मन्त्रालयका कस्ता कामहरु बढी प्रभावित छन् ?**
कृषि मन्त्रालयको जिम्मेवारी खेती लगाउने, उत्पादन गर्ने, बजार व्यवस्थापन गर्नेदेखि किसानलाई प्रोत्साहन गर्नेलगायत थुप्रै जिम्मेवारी बहन गर्नुपर्छ । उत्पादित वस्तुसमेत हामीले सुरक्षित राख्नुपर्ने दायित्व हुन्छ । किसानलाई राहत हुने खालका प्रोत्साहनमूलक कार्यक्रम गर्नुपर्छ । जस्तैः महिला किसान कृषिमा बढी सक्रिय छन् पुरुषको तुलनामा । मैले देखेको छु बच्चा बोकेर खेती गरेका महिला छन् । यस्ता महिलामा किसान लक्षित कार्यक्रम ल्याउनुपर्नेछ । बजेट कम हुँदा यी प्रोत्साहन स्वरुपका कार्यक्रम ओझेलमा पर्छन् ।

**महिला किसानका लागि के गर्दै हुनुहुन्छ त ?**
सबैभन्दा पहिला त हाम्रो कृषिमा अधिकांश किसान महिला हुनुहुन्छ । पुरुषको तुलनामा महिलाले खेती सम्हाल्दै आएका छन् । मैले देखेको छु, बच्चा बोकेर खेतीपाती धान्नुभएका महिला किसानको दैनिकी रहेको छ । उहाँहरुले घर मात्रै होइन, अन्नतः कृषि उत्पादनमा समेत योगदान दिँदै आउनुभएको छ । विडम्बना हामीले त्यसको मूल्याङ्कन गर्न सकेका छैनौँ । कृषिका योजना जति पनि आउँछन् त्यसमा महिला कृषक धेरै भएकै कारणले गर्दा उहाँहरु स्वभाविक रुपले लाभान्वित हुनुहुन्छ भन्ने विश्वास लिएको छु । अर्को कुरा किसान कार्ड बनाएपछि महिला किसान कति छन् भन्ने तथ्याङ्क प्राप्त हुन्छ । त्यसैअनुरुप मन्त्रालयले आवश्यकताका आधारमा महिला किसानलाई प्रोत्साहन गर्ने खालका योजना अघि बढाउन सहयोग पुग्नेछ । मेरो विचारमा ५० प्रतिशतभन्दा बढी महिला कृषिमा सक्रिय भई लाग्नुभएको छ । उहाँहरुलाई प्रविधिमैत्री बनाउनुपर्नेछ । यससम्बन्धी थुप्रै कार्य तालिका छन् जुन कार्ययोजनामै छन् ।

**किसानलाई प्रदान गरिने अनुदानलाई प्रभावकारी कसरी बनाउने सोच्नु भएको छ ?**
निरीक्षर किसानलाई राहत पुगोस् भनेर ग्रामीण उद्यम आर्थिक कार्यक्रम कार्यान्वयनमा रहेको छ । त्यो कार्यक्रममार्फत समूहद्वारा युवा महिला, वृद्धलाई आत्मनिर्भर गराउने कार्यहरु भइहेको छ । त्यो कार्यक्रम देशभर चलिरहको छ । हाल देशका छवटा प्रदेशमा लागू छ भने अर्को प्रधानमन्त्री कृषि परियोजना पनि चलिरहेको छ । यसले अनुगमन गरेर उपयुक्त किसानलाई अनुदान दिन्छ । यो कार्यक्रम कृषि मन्त्रालयअन्तर्गत रहेर काम गरिरहेको छ ।

**राज्यले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दाराख्दै पनि समग्रह कृषि उत्पादन सन्तोषजनक छैन । यसलाई कसरी दिनुभएको छ ?**
मेरो बुझाइमा हाम्रो मल वितरण प्रणाली सुधार गर्न जरुरी छ । कार्यविधिलाई नयाँ ढाँचामा ढाल्नुपर्छ भनेर जोड गरिरहेको छु । मल अभाव होइन, वितरणमा जटिलता देखेको छु । किसानलाई सहजीकरण गर्न सरकार सधैँ सकारात्मक छ । पन्धौँ योजनामा पनि कृषि क्षेत्रको विकासका लागि थुप्रै कार्यक्रम योजनाहरु समावेश गरिएका छन् ।

**किसानलाई सहजीकरण गर्न सरकारको सकारात्मक दिशा कस्ता रहेछन् ?**
हरेक प्रदेशमा मल कारखाना सञ्चालन गर्न थालिएको छ । स्थानीयस्तरमा गड्यौला मल उद्योग सञ्चालन पनि भइरहेको छ । कम्पोष्ट मल उत्पादन गर्न मन्त्रालयले प्रोत्साहन गर्दैछ ।
यसको लागि बजेट छुट्याउने प्रयास भइरहेको छ । मल कारखाना हामीले खोल्ने होइन, उद्योग मन्त्रालयबाट हुन्छ । कृषि मन्त्रालयले उत्पादनमा मात्रै जोड दिने हो । कृषि बीमा, मल, किसानलाई प्रोत्साहन अनुदानमा प्रोत्साहन गर्नुपर्छ । यसअन्तर्गत मन्त्रालयले कृषि बीमा र पशु बीमामा ८० प्रतिशत अनुदान दिँदै आएको छ ।
सरकारले कृषिमा लगानी वर्ष घोषणा गरेको छ । यसमा युवा, महिलालाई विशेष केन्द्रित हुने गरी हामी काम गर्छौं । अहिले पनि युरिया मलमा ७०, डिएपीमा ५५ प्रतिशत पोटासमा ४७ प्रतिशतको हाराहारी अनुदान गइहरेको छ । यो अनुदान हचुवाको भरमा वितरण भइरहेको छ । वास्तविक किसानको पहिचान हुन नसक्दा नै राज्यले सोचे अनुकूल कृषिमा परिणाम आउन नसकेको भन्ने मेरो बुझाइ छ । तसर्थ, अब मन्त्रालयले अनुदान किसानकै घरमा पुर्‍याउने कार्ययोजनामा परेको छ । अबको दश वर्षमा कृषि क्षेत्रमा लक्ष्यअनुरुप परिणाम आउँछ भन्ने विश्वास राखेकी छु ।

# मानवअकिार उल्लंघनको घटना अभिलेखमा प्रहरीले बेवास्ता गरेको गुनासो



*वीरगंजमा भएको कार्यक्रममा इन्सेकको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्दै इन्सेक पर्साका जिल्ला प्रतिनिधि शम्भु कुमार सुमनले ६ महिनामा पर्सामा जम्मा १४ वटा मानवअधिकार उलंघनको घटना अभिलेख भएको बताएका छन् ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ प्रकाशन पूर्व अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ । शनिबार वीरगंजमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पर्साको आयोजनामा भएको कार्यक्रममा सहभागीहरुले जिल्लामा मानवअकिार उल्लंघनको घटना अभिलेखमा जिल्ला प्रहरी कार्यालय पर्साले बेवास्ता गरेको गुनासो गरेका छन् । वीरगंजमा भएको कार्यक्रममा इन्सेकको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्दै इन्सेक पर्साका जिल्ला प्रतिनिधि शम्भु कुमार सुमनले ६ महिनामा पर्सामा जम्मा १४ वटा मानवअधिकार उलंघनको घटना अभिलेख भएको जानकारी दिए । उनले प्रस्तुत गरेको प्रतिवेदनमा विद्यार्थीमाथि शिक्षकद्वारा कुटपिट, राजनीतिकर्मीमाथि भएको कुटपिटको घटना, छोरी जन्मिएपछि अस्पतालमै छोडेर आमा फरार, दाईजोको विषयमा विवाद हुँदा बेहुलासहित पाँच जना गिरफ्तारको घटना अभिलेख रहेको छ । त्यस्तै बालकलाई घर निर्माणको काममा लगाएका आरोपित विद्यालयका सञ्चालिका विरुद्ध उजुरी, प्रमुख प्रशासकीय अधिकृतमाथि जनप्रतिनिधिद्वारा नै दुव्र्यवहार, प्रहरीको कुटपिटबाट इ–रिक्सा चालक घाईते, म्याद गुज्रिएको केमिकल र औषधि प्रयोग गरेको आरोपमा अस्पतालका प्रबन्ध निर्देशक र डाक्टर गिरफ्तारको घटना पनि अभिलेख गरिएको इन्सेकका प्रतिनिधि सुमनले जानकारी दिए ।
त्यसैगरी, ज्येष्ठ नागरिक हत्या घटनाका आरोपित गिरफ्तार, महिला हत्या घटनाका आरोपितहरु विरुद्ध उजुरी, यौन दुव्र्यवहार, बलात्कार घटनाका आरोपित विरुद्ध उजुरी, हत्या घटनाका आरोपित फरार पक्राउ र पत्रकारमाथि प्रहरीद्वारा भएको दुव्र्यवहारको घटना पनि इन्सेकद्वारा प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तकको लागि अभिलेख गरिएको सुमनले जानकारी दिए ।
यसबाहेक जिल्ला प्रहरी कार्यालय पर्सामा दर्ता भएका मानव अधिकार उल्लंघनका घटनाहरुको विषयमा खासै अभिलेख उपलब्ध नभएको उनले बताए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय पर्साका जिम्मेवार व्यक्तिहरु पनि उपस्थित नभएपछि प्रहरी मानव अधिकारको विषयमा गम्भीर नदेखिएको सहभागीहरुले गुनासो गरेका थिए ।
पत्रकार एवम् दलित अधिकारकर्मी बृजलाल पासवानको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रतिनिधि प्रहरी निरीक्षक ज्ञानेन्द्र चन्द, नेपाल पत्रकार महासंघ पर्साका उपाध्यक्ष युवराज खड्का, पूर्व उपाध्यक्ष एवम् रेडियो वीरगंजका अध्यक्ष ध्रुव साह, नेपाल प्रेस युनियन पर्साका अध्यक्ष विजय महतो, प्रेस सेन्टर नेपाल पर्साका अध्यक्ष दिपक गौतम, केन्द्रिय सदस्य नीरज पिठाकोटे मगर, जगत राई, समाजवादी प्रेस संगठनका केन्द्रिय सदस्य मनोज पटेल, अफरोज अपर्ण, स्वतन्त्र मानव अधिकार समाजका प्रतिनिधि राम हरि तिवारी, ब्रिलिएन्ट युवा क्लबका सचिव उमाशंकर साह, भोलन्टियर समुहका संयोजक राजन श्रीवास्तव लगायतका सञ्चारकर्मी र मानवअधिकारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# ‘तेली समाजले शिक्षामा जोड दिनुपर्छ’

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुर उपमहानगरपालिका पूर्व नगर प्रमुख बजरंगीप्रसाद साहले समाजको उत्थानमा युवाको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । उपमहानगर वडा नं २० देवपुरा रुपैठामा शनिबार तेली कल्याण समाजले आयोजना गरेको सपथ ग्रहण कार्यक्रममा प्रमुख अतिथिका रुपमा बोल्दै पूर्व नगर साहले राजनीतिमा तेली समुदायको सहभागिता न्यून रहेकाले राजनीतिमा सक्रियता बढाउनु पर्ने बताए । कार्यक्रममा समाज



धनुषाका अध्यक्ष ललितकुमार साहले तेली जातिमा शिक्षाको अभाव रहेको बताए । उनले दाइजो प्रथा समाजको लागि कलंक रहेको बताउँदै उनले महिला शिक्षामा विशेष जोड दिन आग्रह गरे । कार्यक्रममा तेली कल्याण समाजका नवनिर्वाचित अध्यक्ष रवीन्द्र साहसहित सबै पदाधिकारीहरुलाई पद तथा गोपनियताको सपथ गराइएको थियो भने जेष्ठ नागरिकलाई सम्मान गरिएको थियो ।
कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका वरिष्ट उपाध्यक्ष मनिष रमण साह, उपाध्यक्ष अम्बुप्रसाद साह, कोषाध्यक्ष परमेश्वर साह, नगराई नगरपालिकाका पूर्व उप प्रमुख रञ्जु साह, वडा अध्यक्ष परमेश्वर साह, दीपेन्द्र साह, पूर्व वडा अध्यक्ष जानकीराम साह, नगर अध्यक्ष रामबाबु साह, बिगुल साह, मधुदेवी साह, कौशल्या साह, सुरेन्द्र साह, ई. राजेन्द्र प्रसाद साह लगायतको उपस्थिति रहेको थियो ।

# पत्रकार महासंघ पर्सा शाखामा युनियनको तालाबन्दी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रेस युनियन पर्साले वीरगंजस्थित नेपाल पत्रकार महासंघ पर्सा शाखाको कार्यालयमा तालाबन्दी गरेको छ । महासंघको विधान र प्रकृया विपरित महासंघको केन्द्रिय कार्यसमितिले महासंघको मतदाता नामावली प्रकाशित गरी जबरजस्ति निर्वाचन गराउन खोजेको भन्दै प्रेस युनियन पर्साले पत्रकार महासंघ पर्साको शाखा कार्यालयमा शनिबार तालाबन्दी गरेको हो । प्रेस युनियन पर्साका अध्यक्ष विजय महतो नेतृत्वको टोलीले कार्यालयमा तालाबन्दी गर्दै विधाननसम्मत मतदाता नामावली प्रकाशित गरेर मात्रै निर्वाचन प्रक्रिया अगाडि बढाउन माग गरेको छ । अध्यक्ष महतोले तालाबन्दी आँफुहरुको रहर नभई बाध्यता भएको बताए । महासंघको केन्द्रीय नेततृत्वले जिल्ला शाखा र प्रदेश शाखाबाट गरेको सिफारिसलाई लत्याएर कुनै संगठन विशेषलाई मात्र लाभ हुने गरी विधि र प्रक्रिया मिचेर मतदाता नामावली प्रकाशित गरेकोले विरोध गर्नुपरेको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन